वर्ष : १७, अंक : ३१, काठमाडौं, २०७८ मंसिर ३ गते शुक्रबार, 19 November 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित ______ www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## उपेन्द्रज्यू, यी मागहरु कहिले पूरा हुने ?

Upendra Yadav

May 14 ·

मधेशका मूलमाग र मुद्दाहरु के के हुन् ? के पी ओलीले के के पूरा गर्ने भए ?

१. आत्मनिर्णयको अधिकारका साथै स्वयत्त मधेश प्रदेश सहित पहिचानमा आधारित (१० +१ ) प्रदेशको स्थापना ।

२. समनुपतिक निर्वाचन प्रणाली ।

३. शासन - प्रशासन , न्यायपालिका , सेना, प्रहरी , कर्मचारीतन्त्र आदिमा सामुदायिक / जातीय जनसंख्याको आधारमा समानुपातिक समावेशीकरण ।

४.सरकारी कामकाजी भाषामा समान- बहुभाषिक नीति ।

५. मधेसी समुदायको राष्ट्रिय पहिचानको मान्यता ।

६. दलित , महिला र उत्पीडित समुदायको लागि आरक्षण र सामाजिक न्यायको ब्यबस्था ।

७. राज्यद्धारा प्रदन गरिने सेवा, सुबिधा र अवसरमा समान पहुचको प्रत्याभूति ।

८. वर्ग, वर्ण , लिङ्ग , जात / जातिका आधारमा हुने शोषण, उत्पीडन र बिभेद्को अन्त्य ।

९. नागरिकता समस्याको समाधान ।

१०. जल, जङ्गल र जमीनमाथिको अधिकार ।

११. संविधान संशोधन गरी राष्ट्रिय समस्याहरुको समाधान ।

१२. मधेस र थरुहट आन्दोलनको दौरान लगाइएका मुद्दहरुको खारेजी , रेशम चौधरी लगायत सम्पुर्ण राजबन्दीहरुको रिहाई ।

के. पी. ओलिले मधेसीहरुका सबै माग मुद्दाहरू पूरा गर्छन भन्ने स्वघोषित मधेसी नेताले भन्नू पर्छ यी मध्ये कुन कुन माग पुरा गरिदिए ? नत्र झुठो बोली मधेसोहरुलाई भ्रममा पारी धोखा दिने र आफ्नो स्वार्थ पुर्ती गर्ने काम नहोस् ।

नोट : तत्कालीन केपी ओलीको सरकारमा महन्थ ठाकुरको जसपा जान लागेको बेला उपेन्द्र यादवले के–के मागहरु ओलीले पूरा गर्ने भनेर प्रश्न गरेका थिए । अहिले उनी सरकारमा छन्, यही प्रश्न जनताले सोधिरहेका छन् ।

## नेसपामा मधेशको मुख्य पार्टी बनाउँछौं : बद्री मण्डल




जनकपुरधाम । नेपाल सद्भावना पार्टी नेपालका अध्यक्ष रहिसकेका बद्री मण्डल अहिले सोही पार्टीका सर्वमान्य नेता बनेका छन् । गजेन्द्रनारायण सिंहले स्थापना गरेको नेपाल सद्भावना पार्टीलाई सबैले छाड्दै गएपछि पछिल्लो समय रामकुमार महतोले पुनर्गठन गरी सो पार्टीलाई सक्रिय बनाएका छन् । पार्टीका अध्यक्ष समेत रहेका महतोले बद्री मण्डललाई पार्टी प्रवेश गराइ सर्वमान्य नेता घोषणा गरेको सो पार्टीका सहमहासचिव राजेश चौधरीले बताए । नेता बद्री मण्डलले आफू सुरुदेखि नै नेपाल सद्भावना पार्टीमा नै रहेको तर केही शीर्ष नेताहरूका कारण पार्टी विघटनको अवस्थामा पुगेको र अब यसलाई पुनर्जीवित गरी तराई मधेशको मुख्य पार्टी बनाउने उद्घोष गरेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## लोभीपापीहरुका कारण पार्टीको ब्यानर मात्र परिवर्तन भएको छ : महतो



रौतहट । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले दुई/चार जना लोभीपापी नेताका कारण ब्यानर मात्र परिवर्तन भएको बताएका छन् । रौतहटको गौरमा बुधबार आयोजित एक कार्यक्रममा नेता महतोले उपेन्द्र यादवको पार्टी आफूहरुले आधी रातिमा जोगाइदिएको तर पछि पार्टी विभाजनका लागि निर्वाचन आयोगमा निवेदन दिएको आरोप लगाए । आफूहरुको लक्ष्य प्राप्तिका लागि पार्टीको ब्यानर परिवर्तन भएपनि केही फरक नपरेको बताउँदै मधेशकै जनताको मागअनुसार विगतमा उपेन्द्र यादवको पार्टीलाई पनि एक ठाउँमा ल्याएको जिकिर गरेका छन् । 'दुई/चार जना लोभीपापीका कारण हाम्रो ब्यानर मात्रै परिवर्तन भएको छ, हामी सबै त यहीं छौं लोसपामा । तिनीहरुकै कारण पार्टीको विभाजन पनि भयो र ब्यानर पछि परिवर्तन गर्नुपर्‍यो ।' उनले भने । उनले लक्ष्य प्राप्तिका लागि अगाडि बढ्दा धेरै बाधा व्यवधानहरु आउने गरेको बताउँदै भने, 'जब लक्ष्य प्राप्तिका लागि अगाडि बढ्दा धेरै बाधा र व्यवधानहरु आउँछन् ।'

# संघीयताको जननीमै भ्रष्टाचारको खेती

## 'सुशासन'को नारा दिएर रजगज गर्नेहरू नै आर्थिक अनियमिततामा लिप्त






काठमाडौं । २०७६ बैशाख २२ गते तात्कालीन उपप्रधानमन्त्री तथा मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले नेपालमा संघीयताको जनक मधेश रहेको बताएका थिए । उक्त दिन समाजवादी पार्टी नेपाल घोषणा सभालाई सम्बोधन गर्दै यादवले मधेश आन्दोलनले नेपालमा संघीयता ल्याएको बताए थिए ।

यद्यपी नेपालमा संघीयता स्थापना भएसँगै साढे छ दशकदेखि संघर्षरत मधेशको सपना पूरा भएको छ । यस अवधिमा डेढ सयभन्दा बढी मधेशीले बलिदानी दिए । बलिदानीपूर्ण संघर्ष यात्राबाट संघीयता व्यावहारिक रुपमै संस्थागत भएपछि मधेशी जनताले सपना साकार भएको अनुभूति गर्दैछन् ।

२०७४ माघ २२ गते प्रदेश २ को पहिलो प्रदेशसभा बैठकमा पनि सांसदहरुले मधेश संघीयताको जननी भएको बताउँदै संघीयता कार्यान्वयन हुँदै गरेको क्षणलाई स्र्वणिम भन्दै खुसी व्यक्त गरेका थिए ।

तात्कालीन राजपाका प्रदेशसभा सदस्य जितेन्द्र सोनलले लामो संघर्षबाट प्राप्त संघीयताको जननी मधेश भएकाले असीम खुसी महसुस भएका् बताएका थिए ।

मधेशी जनता २००८ सालदेखि नै संघीयताका लागि संघर्षरत गरेका थिए । यो सुषुप्त संघर्षको दियो बल्दै निभ्दै गरेको थियो । २०४७ सालको संविधान विस्थापित गर्दै जारी भएको अन्तरिम संविधानले देशको शासकीय संरचनामा संघीयतालाई स्वीकार नगरेपछि उपेन्द्र यादवको अगुवाइमा २०६३ माघ २ गते काठमाडौंको माइतीघर मण्डलामा त्यसको प्रतिलिपि जलाइएको थियो । संविधानको प्रतिलिपि जलाइएको अभियोगमा यादवसहितका मधेशी नेता गिरफ्तार भएपछि मधेशभरि आन्दोलन फैलियो ।

यो आन्दोलनले संघीयताको माग जोडदार रुपमा उठाएको थियो । संघीयताको माग लिएर तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष यादवको अगुवाइमा थालिएको आन्दोलन राज्यले संघीयता स्वीकार नगर्दासम्म थामिएन ।

संघीयता ल्याउनमा अन्य क्षेत्र र समुदायको भूमिका नभएको होइन तर निर्णायक भूमिका 'मधेश विद्रोह २०६३' कै रह्यो । त्यसकारण मुलुक संघीय संरचनामा जानु मधेश आन्दोलनको देन हो ।

मधेशले नेपालमा संघीय शासन लागू गर्न जसरी संघर्ष गरेको थियो त्यसलाई संस्थागत गर्न पूर्णतः असफल भएको छ । कारण हो भ्रष्टाचार । संघीयताको जननी भएको प्रदेशमै भ्रष्टाचार मौलाएको छ । प्रदेश २ अहिले भ्रष्टाचारको अखाडा बनेको छ ।

केन्द्रीय सरकारले जस्तै प्रदेश २ सरकारले पनि 'सुशासन र समृद्धि'को नारा दोर्‍याराउने गरेपनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका भ्रष्टाचारका उजुरी हेर्दा सुशासनको नारा 'नारा'मै सिमित भएको पुष्टि हुन्छ । प्रहरी, निजामति कर्मचारी र जनप्रतिनिधिहरु नै भ्रष्टाचारमा संलग्न भएको आरोपमा रङ्गेहात पक्राउ पर्नुले भ्रष्टाचारको जरा कति फैलिएको छ भन्ने सहजै अनुमान लगाउन सकिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पछिल्लो प्रतिवेदनअनुसार प्रदेश २ मा २४.५६ प्रतिशत भ्रष्टाचारको उजुरी परेको छ ।

प्रदेश २ मा सबैभन्दा बढी स्थानीय तह विरुद्ध भ्रष्टाचार मुद्दामा उजुरी परेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ ।

कात्तिक २९ गते प्रदेश प्रमुख हरिशंकर मिश्रलाई अख्तियारको बर्दिबास कार्यालयले बुझाएको वार्षिक प्रतिवेदनमा चालु आर्थिक वर्षमा सबैभन्दा बढी स्थानीय तह विरुद्ध भ्रष्टाचार मुद्दामा उजुरी परेको जनाइएको छ । स्थानीय तहविरुद्ध ९ सय ५२ वटा उजुरी रहेको छ । त्यस्तै संघ तर्फ ४ सय ९१ र प्रदेश विरुद्ध ७५ वटा उजुरी रहेको छ ।

प्रदेश तर्फ सबैभन्दा बढी उजुरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित रहेको छ ।

अख्तियारमा कर्मचारी पदस्थापन, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकासमा भएको भ्रष्टाचार सम्बन्धी उजुरी सबैभन्दा बढी परेको छ ।

आयोगको बर्दिवास कार्यालयले स्टिङ्ग अपरेशन गरेर पनि भ्रष्टाचारको पर्दाफास गरेको छ । यो अपरेशनमा दर्जनौं व्यक्ति घुससहित रङ्गेहात पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा अधिकांश जनप्रतिनिधि, सरकारी कर्मचारी र उनीहरुका नातागोताहरु छन् ।

**'सुरक्षित बेटी' मा पनि भ्रष्टाचार**

प्रदेश २ मा 'सुरक्षित बेटी' अभियानका नाममा करोडौं भ्रष्टाचार भएको पाइएको

*बाँकी अन्तिम पृष्ठमा*

# किन हटाइए रामनरेश राय मन्त्रीबाट ?



काठमाडौं । राम्रै काम गरिरहेका प्रदेश २ का उद्योग, पर्यटन तथा वनमन्त्री रामनरेश रायलाई मुख्यमन्त्री लालबाबु राउतले पदबाट बर्खास्त गरेका छन् । उनलाई पदमुक्त गरेर सो स्थानमा नेकपा एसबाट मन्त्री बनाउने राउतको योजना छ ।

तर रायको बर्खास्ती विवादास्पद बनेको छ । यसअघि गत साउनमा जसपाका नेता ज्ञानेन्द्रकुमार यादवलाई आन्तरिक मामिला तथा कानुनमन्त्रीबाट पदमुक्त गरी माओवादी केन्द्रलाई सरकारमा ल्याउँदा पिपाद भने भएको थियो ।

अहिले नेकपा(एस)लाई सरकारमा ल्याउन रायलाई पदमुक्त गर्दा विवाद खडा भएको छ । मुख्यमन्त्री राउतले आफूमाथि लागेको भ्रष्टाचारको दाग छोप्न मन्त्रि पदबाट हटाएको रायको दाबी छ । उनले भने, 'भ्रष्टाचारका दागी मुख्यमन्त्रीले आफूलाई हटाएका हुन् ।'

राय तत्कालीन राजपाबाट सरकारमा सहभागी भएका थिए । पछि राजपा र उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीबीच एकीकरण भएर जसपा बन्दा उनी यादवकै पार्टीमा रहे । यादवलाई समर्थन गरेका कारण रायको पद भने जोगिएको थियो । उनीसहित १० जना पूर्व र राजपाका सांसद उपेन्द्र यादवलाई साथ दिएका थिए ।

पदमुक्त रायले सम्हाल्दै आएको मन्त्रालय मुख्यमन्त्री राउतले अहिले आफूसँग राखेका छन् । नेकपा एसलाई सरकारमा ल्याउन रायलाई राजीनामा गर्न मुख्यमन्त्रीले आग्रह गरेको बताइएको छ । उक्त मन्त्रालय नेकपा एसलाई दिने सहमति भएको छ ।

### मुख्यमन्त्रीले राजीनामा दिनुपर्छ : राय

भ्रष्टाचारको विरोध गर्दा जिम्मेवारीबाट मख्यमन्त्रीले हटाएका हुन् । भ्रष्टाचारको आरोप लागेका मुख्यमन्त्रीको राजीनामा माग्दा उनले मलाई नै बर्खास्त गरे । मैले साईकल वितरण कार्यक्रममा भ्रष्टाचार भएको र मुख्यमन्त्रीसमेत जोडिएकाले सरकारमा पार्टीबाट सहभागि सबैले राजीनामा दिएर नयाँलाई अवसर दिनुपर्ने भन्दै आएको छु । यसैकारण मलाई मन्त्रीबाट हटाइएको हो । भ्रष्टाचारको आरोप लागेकालाई कारवाही गर्नुपर्नेमा मलाई किन बर्खास्त गरियो भनेर म पार्टीमा कुरा राख्छु । मुख्यमन्त्रीमाथि भ्रष्टाचारको आरोप लागिसकेपछि अनुसन्धानलाई सफलतापूर्वक अगाडि बढाउन लालबाबुजीले राजीनामा दिनुपर्छ । यदि उहाँले यस्तो गर्नुभएन भने म कार्यकारिणी समितिको बैठक र संसदीय दलमा राजीनामा किन नदिएको भन्दै प्रश्न उठाउँछु ।

नेकपा एसलाई दुई मन्त्रालय दिएर मन्त्रिपरिषद् विस्तार गर्ने मुख्यमन्त्री राउतको तयारी छ तर अर्को मन्त्रालय कुन दिने भने टुंगो लागेको छैन । प्रदेशसभामा १३ सांसद रहेको नेकपा एसलाई उद्योग, पर्यटन, वन तथा वातावरण र कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय दिइने बताइएको छ ।

नेकपा एसबाट संसदीय दलका नेता शत्रुधन महतोको नाम मन्त्रीमा टुंगो लागे पनि अर्का मन्त्रीको नाम टुंगो लाग्न बाँकी छ ।

रायको बर्खास्तिसँगै पार्टीमा विवाद बढेको छ । भ्रष्टाचारको आरोप लागेकाले मुख्यमन्त्री राउतले राजीनामा दिनुपर्ने माग उठ्दै आएको छ ।

**समय सन्दर्भ**

मातृका प्रसाद यादव

# अदालत समस्याग्रस्त हुनु गम्भीर चिन्ताको विषय



नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष, सक्षम र सुशासनको पक्षधर न्यायपालिकाको व्यवस्था गरेको छ । वर्गीय समाजमा कुन वर्गको हातमा सत्ता छ, त्यसबाट न्यायपालिका पनि अछुतो नरहे पनि कतै न्याय नपाए पछि जनताको अन्तिम आशा र भरोसाको केन्द्र न्यायपालिका नै हुने गरेकोछ ।तर जब न्यायपालिकाको सर्वोच्च अंग सर्वोच्च अदालत नै कुशासनको केन्द्र भए पछि राज्य व्यवस्था प्रति नै जनताको वितृष्णा जाग्छ ।न्यायपालिकाले सही भूमिका निर्वाह नगर्दा त्यहाँ पनि समस्या देखिनु स्वाभाविक हो । त्यसैले अचेल न्यायपालिकामा देखिएको संकटका कारण देशको ध्यान सर्वोच्च अदालत तिर तानिएको छ । राज्यको सर्वोच्च निकाय जो संग संविधानले प्रदान गरेको अधिकार भित्र रही कुनै प्रकारको संवैधानिक वा कानूनी विवादमा संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि उचित उपचार प्रदान गर्ने असाधारण अधिकार प्राप्त सर्वोच्च अदालत समस्याग्रस्त हुनु गंभीर चिन्ताको विषय हो ।

समस्याको समाधान समयमै न्यायपालिका भित्रबाट गरेको भए राम्रो हुने थियो । तर त्यो सम्भव थिएन किनकि यो समस्या न्यायालयमा देखिए पनि राजनीतिक समस्या नै हो । त्यसैले यो विषय न्यायपालिकाको आन्तरिक नभएर देश र जनताको लागि बडो गंभीर हुन गएको छ ।

महान जनयुद्ध, संयुक्त जन आन्दोलन र मधेश आन्दोलन लगायत सबै प्रकारका अग्रगमनकारी आन्दोलनको उपलब्धि धर्मनिरपेक्षता र समानुपातिक /समावेशी प्रतिनिधित्व सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापित भएपनि विभिन्न रङ्ग-रोगनभित्र रहेगा परिवर्तन विरोधीहरुले प्रतिगमन गर्नको लागि पटक-पटक कोशिस गरिरहेको कुरा दुई पटक संघीय संसद विघटनले पुष्टि भइसकेको छ ।प्रतिगमनकारी कदमको विरुद्धको लडाइले न्यायपालिकाभित्र रहेको पुरानो र नयाँ समस्याहरू सतहमा आएको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# भ्रष्टाचारमा (बद)नाम

भ्रष्टाचार समाजको रोग हो भने सभ्य समाजको लागि प्रदूषण हो । भ्रष्टाचारले व्यक्तिलाई व्यक्तिवादी बनाउँछ । व्यक्तिको अनुशासन र मर्यादामा स्खलन ल्याउँछ । समग्रमा राज्यको आर्थिक वृद्धि, विकास निर्माण र सेवा प्रवाहमा ह्रास आउँछ । सार्वजनिक सम्पत्तिको दुरूपयोग हुन्छ भने शासकीय पद्दति र प्रक्रिया नै ह्रासउन्मुख हुन पुग्दछ । अन्ततः जनता र अन्तर्राष्ट्रिय समुदायले शासन प्रक्रिया र शासकप्रति अपनत्व लिन र मान्यता दिन छोड्ने परिस्थिति सृजना हुन पुग्दछ । त्यसैले सारमा भन्न सकिन्छ भ्रष्टाचारले व्यक्ति, संस्था, समाज र राष्ट्रलाई अधोगतितर्फ लाँदै शासनको वैधता र राज्यको क्षमतालाई कमजोर बनाउँछ ।

नेपालमा संविधानमा नै सुशासनलाई राज्यको साधन र साधक दुवै रूपमा आत्मसात गर्दै भ्रष्टाचार नियन्त्रणका लागि नीति, विधि र संवैधानिक निकायको व्यवस्था गरेको छ । तर यति हुँदाहुँदै पनि नागरिकको अनुभूति र राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा गरिएका भ्रष्टाचार मापनका अध्ययन र अनुसन्धानको नतिजामा नेपालमा भ्रष्टाचारको पारो बढ्दो अवस्थामा रहेको पाइन्छ ।

एकातर्फ भ्रष्टाचार नियन्त्रण सबै राजनीतिक दल, सरकार र अन्य जिम्मेवार सरोकारवाला सबैको साझा चिन्ता र सहमतिको विषय बनेको छ भने अर्कोतर्फ भ्रष्टाचार हुने प्रवृत्ति पनि मूल रूपमा राजनीतिक दर, सरकार र जिम्मेवार सरोकारवालाहरूमा नै रहेको अवस्था तथ्यहरूले देखाउँछ । यस्तो विरोधाभास अवस्थामा अहिले देश रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको २९ औं वार्षिक प्रतिवेदनमा बढी भ्रष्टाचार हुने प्रदेशमा प्रदेश २ देखिएको छ । प्रतिवेदनअनुसार प्रदेशमा २१ दशमलव ५० प्रतिशत भ्रष्टाचार तथा भ्रष्टाचारजन्य गतिविधि भएका उल्लेख छ ।

धेरै भ्रष्टाचारको उजुरी पर्ने प्रदेशका रूपमा देखिएको पनि प्रदेश २ देखिएको छ । आयोगका अनुसार देशभरिका कुल भ्रष्टाचारका उजुरीमध्ये प्रदेश २ बाट

**भ्रष्टाचारको निगरानी र नियन्त्रणको कार्यमा राजनीतिकरण हाबी छ । भ्रष्टाचार नियन्त्रणमा राजनीतिक दलको हस्तक्षेप रहने तथ्य कसैबाट छिपेको छैन ।**

मात्र झन्डै एक चौथाइ उजुरी पर्ने गरेका छन् भने प्रदेश तथा स्थानीय तहसम्बन्धी उजुरी (एक तिहाइभन्दा बढी) पनि प्रदेश २ नै अगाडि देखिएको छ । यसले प्रदेश २ मा भ्रष्टाचार बढेको इंगित गर्छ । उपरोक्त तथ्यांकले प्रदेश २ भ्रष्टाचारको केन्द्र बन्दै गरेको सजिव चित्र देखाएको छ । भ्रष्टाचार एउटा जटिल सामाजिक राजनीतिक र आर्थिक समस्या हो । भ्रष्टाचारले लोकतन्त्रका मूल्य, मान्यता, नैतिकता, न्याय, कानुनको शासन तथा विश्वकै अर्थतन्त्रलाई धराशयी बनाउँछ । यसले कुनै समाज, देश मात्र नभएर सम्पूर्ण विश्वलाई नै आक्रान्त बनाएको छ ।

प्रदेश २ लाई संघीयताको जननी मानिन्छ तर त्यहि जननीभित्र भ्रष्टाचारले जरो गाडेको छ । यसका नियन्त्रणका लागि प्रदेश सरकार असफल भएको छ । प्रदेशले भ्रष्टाचार नियन्त्रणका लागि जनलोकपाल विधेयक ल्याएको छ तर यसको कार्यान्वजनमा शंकै उठेको छ । किनभने प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयभित्रैबाट भ्रष्टाचारको गन्ध आइरहेको छ ।

प्रदेश २ सरकारको लोकप्रिय कार्यक्रम 'बेटी पढाऊ, बेटी बचाऊ' अन्तर्गत खरिद गरिएको साइकलमा अनियमितता भएको आशंकामा अख्तियारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छापा मारे पछि देश नै तरंगित भएको छ । अख्तियारले प्रादेशिक सरकार प्रमुखको कार्यालयमा छापा मारेको पहिलो पटक हो । अख्तियारले यसरी प्रदेशको मुख्यमन्त्रीको कार्यालयमा छापा मार्नु पदर्थ्यो या थिएन यो एउटा बहसको विषय हो तर मुख्यमन्त्रीको कार्यालयमा अख्तियार प्रवेश गर्ने वातावरण कसले र कसरी बन्यो यो अहम सवाल हो । निश्चय पनि यसमा मुख्यमन्त्री कार्यालयकै कमजोरी छ । प्रदेश २ को राजनीतिक नेतृत्वमा भ्रष्टाचार नियन्त्रण गर्ने साहस, इच्छाशक्ति, प्रतिवद्धता र व्यावहारिक अवलम्बनसहितको इमान्दारिताको कमी छ । भ्रष्टाचारको निगरानी र नियन्त्रणको कार्यमा राजनीतिकरण हाबी छ । भ्रष्टाचार नियन्त्रणमा राजनीतिक दलको हस्तक्षेप रहने तथ्य कसैबाट छिपेको छैन । राजनीतिक नेतृत्वको स्वार्थ र मतिभ्रमका कारण नीतिगत भ्रष्टाचार हुने र जसका कारण सीमित व्यक्तिको स्वर्थ प्रेरित नीति बन्ने गरेको तीतो यथार्थ हामीले भोगिरहेका छौं ।

# एमसीसी नेपाललाई आवश्यक एक सहयोग

**नेपालले क्रस बोर्डर ट्रान्समिसन ट्रेडमा सफलता हासिल गर्न सकेमा त्रिदेशीय व्यापार गर्न नेपाललाई सहज हुनेछ भने नेपालले ऊर्जा क्षेत्रबाट आर्थिक विकास गर्ने निश्चित छ । करिब २००० के.भी. विद्युत निर्यात हुने हुँदा नेपालको आर्थिक विकासमा ठूलो हिस्सा यो प्रशारण लाइनले ओगट्ने छ ।**



सन्तोष मेहता

विश्व मानचित्रमा नेपाल सानो मुलुक हो, धरै सम्भावना भए पनि विकासको मापदण्डमा पछाडि परेकै हो । विकासोउन्मुख हुनकै निम्ति विश्व बैंक लगायत अन्य मुलुकसँग हामीले थुप्रै ऋण पनि लिइसकेका छौ । विकासको फड्को पनि मार्नु छ र त्यस छलाङको निम्ति हामीसँग पर्याप्त पैसा पनि छैन, पुरानै पाएको ऋण पनि चुक्ता गर्ने अवस्था छैन यस परिवेशमा अमेरिकाले सहायता गर्न खोजेको एमसिसिलाई सदुपयोग गर्ने हो भने नेपाल विश्वको एउटा नमुना देश बन्छ । यो सहयोग हो, जुन फिर्ता पनि गर्नु आवश्यक छैन ।

अमेरिका विश्वको यस्तो एउटा देश हो, जो दिएर कहिले जोगी हुँदैन । आफूलाई लोकतन्त्रको अगुवा बनाइ राख्न विश्व जगतमा उक्त साख राखी राख्न विकासोउन्मुख देशहरूलाई अमेरिकी सरकारले सहयोग गर्ने गरेको छ । अमेरिकाले नेपाललाई पनि धेरै पहिलादेखि विभिन्न किसिमका सहयोग गर्दै आएको छ ।

हाल एमसीसीमार्फत गर्न लागेको सहयोगबारे नकरात्मक हल्ला र भ्रम देशव्यापी उर्लेको छ । मानौं एमसिसिको पक्षमा रहेकाहरू राष्ट्रघाती अनि विरोधी सबै राष्ट्रवादी हुन् । अझ माओवादी र कमरेड प्रचण्डमा ठूलै भ्रम रहेछ- एमसीसीको विरोध गरे भोट पाइएला भन्ने । उहिले बामदेव गौतमले यस्तै भ्रममा एमाले फुटाएर माले बनाए, महाकाली सन्धीको विरोध गर्दा भोट पाउने आशामा। देखेको, भोगेको देशको नदीको रहस्य त मतदाताले बुझेनन, एमसीसीले भोट प्रभावित हुन्छ भन्नू बेतुकको भय हो ।

अन्तर्राष्ट्रिय सन्धीसम्झौता पढेर, बुझेर भोट हाल्ने न हाम्रो आम चेतनास्तर छ न मतदाता संस्कृति। झुठको हल्लाले कति नै भोट प्रभावित हुने हो र कपोलकल्पित हल्ला कतिन्जेल जिबित रहने हो। तसर्थ दलहरू डराउनु पर्दैन विशेषतः कमरेड प्रचण्ड र माधब नेपाल जस्ता नेतृत्व सस्तो होहल्लाको भ्रममा नपरेकै राम्रो ।

कहि कतैबाट बिरोध गर्नकै निम्ति लगानी भएको हो भन्ने भन्नू केही छैन तर ठीक,बेठीक, तथ्य सत्य हेर्ने, फाइदा बेफाइदा सोच्ने हो भने एमसिसिको बिरोध आवश्यक छैन । एमसीसीले अमेरिकी सेना आउँछ जस्ता बचकना हल्ला पत्याएर हिड्न जिम्मेवार नेतालाई सुहाउँदैन पनि । हुन त एमसिसी बुझेका अझ ल्याउन पहल गरेका नेताहरूले पनि जे बुझे त्यो जनतासम्म पुर्याउन नसक्नु उनीहरूको कमजोरी हो ।

२०१२ देखि शुरु भएको एमसिसी प्रक्रियामा प्रायः सबै दल र मुख्य नेताहरू ६-७ वटा प्रधानमन्त्री तथा अर्थमन्त्रीहरु यश प्रक्रियामा सहभागी भइसकेका रहेछन् । यसो बुझ्दा प्रायःजसो नेताहरू एमसिसिको पक्षमा छन् तर आफ्नो नेतृत्वमा यसलाई सदनबाट पास गराएर विकासको जस आफू लिन चाहन्छन् । या त कसै कुनै शक्तिको आडमा अमेरिकी सरकारको प्रम्परागत दुस्मनको भरोसामा उक्त सहयोग र अमेरिका नेपाल बीचको मित्रतालाई धरापमा पार्न चाहन्छन् ।

एमसीसी एउटा विकाशको खाका बोकेको प्रोजेक्टलाई महाशक्ति राष्ट्रको राजनैतिक टकरावको आशन्कामा देशलाई नै घाटामा पुर्याउदै छन । देश विकाशका निम्ती आउन लागेको यत्रो रकम फिर्ता गएमा वा अन्य देशमा गएमा ती बिरोध गर्नेहरूका स्वार्थ सिद्ध होला तर नेपालको दुर्दशा हुनेछ ।

अमेरिकाले नेपाललाई लामो समयदेखि सहयोग गर्दै आएको छ र जारी नै रहनुपर्छ । शिक्षा, स्वास्थ्य, विकाश, लगायतका क्षेत्रमा गरेको सहयोग त देशको हितमै साबित भएको छ । तसर्थ बिग्रेका सडक संरचनालाई पुनर्निर्माण गर्नु र प्रयाप्त बिधुत उत्पादन भइ निर्यात गर्न सक्ने हैसियत बनाउनु र यी सबको निम्ति बिदेशी लगानी भित्र्याउनु भनेको नेपाललाई समृद्धि तिर उन्मुख गराउनु हो ।

एमसिसी अमेरिकी सांसदले पास गरेको कानुन तहत बिश्वका गरिब मुलुकलाई सहयोगको निम्ति त्यार पारेको एउटा फण्ड हो। त्यो नितान्त एक शक्तिशाली राष्ट्रले विकासोन्मुख मुलुकलाई गर्ने सहयोग हो ।

नेपालले ५० करोडको एमसीसी सहायतामा हस्ताक्षर गरे यता सन् २०१८ मा सेनेगलले ५५ करोडको र मंगोलियाले ३५ करोडको कम्प्याक्टमा हस्ताक्षर गरिसकेको छ ।

धेरै देशहरू अर्मेनिया, बेनिन, बुर्किना फासो, काबो वर्डे, एल साल्भाडोर, जर्जिया, घाना, होण्डुरस, इन्डोनेशिया, जोर्डन, लेसोथो, मालावी, मोल्दोभा, मंगोलिया, मोरक्को, मोजाम्बिक, नामिबिया, निकारागुवा, फिलिपिन्स, सेनेगल, तान्जिनिया, भानुआटु र जाम्बियामा एमसीसी कम्प्याक्ट लागु भइसकेका छन् ।

घानामा नेपालको भन्दा धेरै ५४ करोड डलर र इन्डोनेशियामा पनि नेपालको भन्दा धेरै ६० करोड अमेरिकी डलर, मोरक्कोमा ६९ करोड, मोजाम्बिकमा ५० करोड, सेनेगलमा ५४ करोड र तान्जिनियामा ६९ करोड डलरका एमसीसी कम्प्याक्ट लागु भइसकेका छन् । यसरी विश्वभर नै अमेरिकाले सहयोग गरी नै रहेको छ ।

एमसिसीअन्तर्गत सहयोग लिन चाहने देशहरुले पूर्व सर्त पुरा गरिसकेको हुनुपर्ने छ जस्तै पारदर्शिता, भ्रष्टाचार, लैंगिक समानता, लोकतान्त्रिक शासन प्रणाली, निजि सम्पतिको रक्षा, खुला आर्थिक नीति, विश्वबजारको पहुँचता, आर्थिक वृद्धिको सकारात्मक संकेत जस्ता बिषय राखिएका छन् । नेपालमा आर्थिक विकास मार्फत गरीबी न्यूनीकरण गर्ने र एमसीसीको सहायतालाई नेपालको सुशासन, आर्थिक स्वतन्त्रता र नेपालि जनतामा लगानी गर्ने प्रमुख उद्देश्यका साथ एमसिएनेपालको गठन गरिएको हो । एमसीसीको लगानीका लागि नेपालले विद्युत प्रशारण लाइन र सडकको आयोजनामा विकास गर्ने गरी पेश गरि छनौट मा परेको थियो ।

२०१० मा एमसिसिको टिम नेपाल आएको देखिन्छ र सन् २०११ मा औपचारिक पत्र नेपाललाई पठाएको पाइन्छ । २०१७ सेप्टेम्बर १४, मा औपचारिक रुपमा एमसिए र एमसीसीबीच सम्झौता भई कार्यन्वयनका लागि आवश्यक प्रक्रिया अगाडी बढेको अवस्था छ । तर त्यस यता ४ बर्ष भइसक्दा पनि एमसिसी कार्यान्वयन प्रक्रियामा अगाडि बढी सकेको छैन ।

नेपालको विकास किन भइरहेको छैन, यसको मुख्य बाधक के हो त ? विश्लेषण गर्दा नीतिगत अस्थिरता, उर्जाको अपर्याप्तता र कमजोर पूर्वाधार र सडक पूर्वाधार जस्ता कुराले नेपालको विकासमा बाधक हो भन्नेमा दुइमत छैन ।

यसै परिवेशमा एमसीसीको लगानी भित्र्याउन नेपाल स्वयम्ले यो सडक, उर्जा विकास ट्रान्समिसन लाइन विस्तारको क्षेत्र विकासका लागि प्रस्ताव गरेको हो । पुर्वाधार विकास नगरी देश विकास गर्न सकिदैन । नेपालले लिएको अरु अनुदानभन्दा यो एमसीसीको अनुदानले नेपालको विकासको महत्वपूर्ण पूर्वाधार निर्माण हुने निश्चित छ ।

नेपालले क्रस बोर्डर ट्रान्समिसन ट्रेडमा सफलता हासिल गर्न सकेमा त्रिदेशीय व्यापार गर्न नेपाललाई सहज हुनेछ भने नेपालले ऊर्जा क्षेत्रबाट आर्थिक विकास गर्ने निश्चित छ । करिब २००० के.भी. विद्युत निर्यात हुने हुँदा नेपालको आर्थिक विकासमा ठूलो हिस्सा यो प्रशारण लाइनले ओगट्ने छ । तसर्थ देश विकास गर्न विकासका बाधकको रुपमा रहेको ऊर्जा संकट हटाउन र सडक पूर्वाधार ठिकठाक पार्न विकास तिर तत्काल फड्को मार्न एमसिसी कार्यान्वयन आवश्यक छ ।

*(मेहता लोसपा नेपालका नेता हुन् ।)*

# दमक क्लिन पार्क : आन्दोलन र अन्यौलता

वन बेल्ट वन रोडअन्तर्गत दमक क्लिन पार्क प्रदेश नं १ को झापामा नेपाल कम्युनिष्ट पार्टीको सरकार भएको बेला आएको चिनियाँ परियोजना हो, जुन निर्माणाधीन रहेको छ । जसका लागि करिब २१०० बिघा जग्गाको आवश्यकता पर्ने बताइएको छ । आवश्यक जग्गा स्थानीय जनताबाट अधिग्रहण गरी लिनुपर्ने हुन्छ ।

जग्गाको उचित क्षतिपूर्ति दिनुपर्ने र त्यो क्षतिपूर्ति वैज्ञानिक हुनुपर्ने पनि आवश्यक हुन्छ । तर दमक क्लिन पार्कमा यस्तो हुन सकेन भन्ने पीडितहरुको आरोप छ । फलस्वरूप जमिन मालिकहरुले दमक औद्योगिक पार्क संघर्ष समिति गठन गरेर आन्दोलनको गर्न बाध्य भएको बताएका छन् । संघर्ष समितिले जग्गा क्षतिपूर्ति वैज्ञानिक रुपले पुनः मूल्यांकन गर्न आवाज उठाउन थालेको पनि धेरै समय भैसकेको छ ।

यसै क्रममा दमक क्लिन पार्क संघर्ष समितिको आयोजनामा दमकमा रहेका राजनीतिक दलका प्रतिनिधिसहित झापा जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सांसद महिन्द्र कुमारी लिम्बु सहितको अगुवाईमा झापाको प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन् । संघर्ष समितिले ज्ञापन पत्र बुझाउने क्रममा समितिका अध्यक्ष खगेन्द्र भट्टराई, सदस्य देवी दाहाल (नेपाली कांग्रेस), सदस्य महेश घिमिरे (नेकपा समाजवादी), भानु भट्टराई, रोम भण्डारी लगायतका टोलीले स्थानीयका समस्याहरु बारे प्रमुख जिल्ला अधिकारीलाई अवगत गराएका छन् ।

प्रमुख जिल्ला अधिकारीले मुआब्जाको बारेमा जिल्ला प्रशासन कार्यालयले विगतको निर्णय वदर गर्न नसक्ने बताएको छ । संघर्ष समितिका प्रतिनिधिलाई मन्त्रिपरिषद् वा अदालतले मात्र पुनः मूल्यांकन गर्न सक्ने सम्भावना रहेको बताएका छन् । त्यसकारण संघर्ष समितिले मन्त्रिपरिषद्मा ज्ञापन पत्र बुझाउने र सर्वोच्च अदालतको ढोका ढकढकाउन बाध्य भएको समितिका सदस्यले बताएका छन् ।

यसरी आवाजविहीनका आवाज सम्बोधन स्थानीय क्षेत्रमा नहुँदा गाउँ-गाउँमा सिंहदरबारका नारा गफमा मात्र सीमित हुन पुगेको छ । त्यसैले पीडितको आवाज समयमै सम्बोधन गरेर न्याय दिन जरूरी रहेको स्थानीय अगुवाहरुको सुझाव रहेको छ ।

17-31, Madheshvani, Mansir-3, 2078.pmd 2 11/19/2021, 9:57 AM

# कुनै जमानामा एमाले मधेशविरोधी थियो होला तर अहिले छैन

एमाले मधेशविरोधी पार्टी होइन भन्ने कुरा त प्रष्ट हुँदैआएको छ नि । विगतमा एउटा भ्रम फैलाइएको थियो । एमालेको सरकारमा महन्थ ठाकुरजीको समूह सरकारमा सहभागी हुँदा धेरै मागहरु सम्बोधन गरेको थियो ।



**पशुपति दयाल मिश्र**
**नेता, नेकपा (एमाले)**

**० हृदयेश त्रिपाठी नेतृत्वको स्वतन्त्र राजनीतिक समूह छोडेर नेकपा ( एमाले)मा किन प्रवेश गर्नुभयो ?**

– स्वतन्त्र राजनीतिक समूहलाई पार्टीको रुपमा गठन गर्ने कुरा धेरै दिनदेखि भइरहेको थियो । स्थानीय निर्वाचन नजिकिएसँगै साथीहरुको आआफ्नो कुराहरु जोडिएका छन् । सबैको दबाब पनि भयो कि एउटा निर्णय गरेर अगाडि बढ्नुपर्छ । यता, त्यो समूहलाई पार्टीको रुपमा गठन गर्ने कुरामा धेरै समय लाग्ने भएकोले यहाँ (बाँके)का साथीहरुले एमालेसँगै सहकार्य भइरहेको थियो, एमालेमै जाउँ भन्ने कुराहरु गर्नुभयो । त्यो हिसावले हामी एमालेमा प्रवेश गरेका हौं ।

**० स्वतन्त्र राजनीतिक समूहलाई पार्टी बनाउने वा एमालेमा प्रवेश गर्ने कुरामा हृदयेश त्रिपाठी अलमलमै रहेकोले स्थानीय चुनावलाई मध्यनजर गर्दै एमालेमै प्रवेश गर्नुभएको हो ?**

– पार्टी गठन गर्ने कुरा धेरै दिनदेखि भइरहेको छ । तर एउटा निष्कर्षमा पुग्न सकिरहेको छैन । पार्टी गठनमा ढिलाइ भइरहेकोले हामी एमाले रोज्न बाध्य भयौं । स्थानीय चुनाव नजिकिँदै छ । हामीलाई बाध्यता पनि भयो कि हामीसँग पार्टी पनि नहुने अनि चुनावको तयारी कसरी गर्ने भन्ने कुराहरु साथीहरुबाट आउन थाल्यो । त्यसपछि एमालेमा प्रवेश गर्न बाध्य भयौं । एमाले मधेशविरोधी भन्ने प्रचार गरिएको थियो, तर हामी सहकार्य गर्दैजाँदा त्यस्ता कुराहरु छैन भन्ने महसुस गरियो । केही भागमा एमाले मजबुत छ, केही भागमा हामी मजबुत छौं, दुइटै एक भयो भने अलि बलियो शक्ति पनि हुन्छ । गत निर्वाचनजस्तै सहकार्य गरेर जाँदा पनि त्यसैमा प्रवेश गरेर जाँदा बलियो अवस्था हुन्छ भन्ने कुराहरु पनि हो । त्यो हिसावले यहाँका साथीहरुबीच सामूहिक निर्णय भएको हो । अहिले पनि स्वतन्त्र राजनीतिक समूह र एमालेबीच सहकार्य छँदैछ । हामीसँगसँगै छौं ।

**० स्वतन्त्र राजनीतिक समूह एमालेमा प्रवेश गर्ने तपाईंहरुले पहिला नै निर्णय गर्नुभएको थियो, तपाईंहरु मात्रै एमाले प्रवेश गर्नुभयो, समूह किन गएन ?**

– मुख्य कुरा उहाँ (हृदयेश त्रिपाठीजीहरु) एउटा निष्कर्षमा पुग्न सक्नुभएको छैन । पार्टी नै गठन गर्ने हो भने त्यसमा पनि ढिलाइ हुँदै गयो । बाँके जिल्लाको परिस्थिति अलि भिन्न छ । यहाँका साथीहरुले अलि दबाब दिन थाल्नुभयो । स्थानीय निर्वाचन नजिक आइसक्यो, अब तीन चार महिना मात्रै बाँकी छ । अहिलेदेखि नै तयारी गरिएन भने गाह्रो हुन्छ, त्यो परिस्थितिले गर्दा हामी छिटो निर्णय लिन बाध्य भयौं ।

**० स्वतन्त्र राजनीतिक समूह पनि एमालेमा प्रवेश गर्नेछ ?**

– धेरै साथीहरु छिट्टै पार्टी प्रवेश गर्नुहुन्छ । यदि उहाँहरुले पार्टी पनि बनाउनुभयो भने सहकार्य एमालेसँगै हुन्छ ।

**० केपी ओलीले भनेजस्तै बाँके जिल्ला एमालेको किल्ला भएकै हो त ?**

– नेकपा एमालेमा हाम्रो प्रवेशले संगठन झन् मजबुत हुन्छ । पहाडी समुदायमा एमाले पहिलादेखि स्थापित थियो तर मधेशी समुदायमा स्थापित हुन सकेको थिएन । अहिले दुईटै समुदायको मिलन भएको छ । हामीसँग मिलेर जाने निर्णय गरेका छौं । त्यसकारणले अब बाँके जिल्लामा एमाले सबभन्दा बढी मजबुत हुने हो । बुधबार भएको पार्टी प्रवेश कार्यक्रममा हामी सोचेभन्दा बढी करिब पाँच हजार प्रवेश गरेका छन् । अझै यो संख्या बढ्दै जाने हो । खासगरी बाँकेमा एमाले सबभन्दा बढी बलियो पार्टीको रुपमा स्थापित हुन्छ । दिनप्रति दिन मधेशमा एमालेप्रति झुकाव बढ्दै गएको छ ।

**० एमाले मधेशविरोधी पार्टी हो नि ?**

– एमाले मधेशविरोधी पार्टी होइन भन्ने कुरा त प्रष्ट हुँदैआएको छ नि । विगतमा एउटा भ्रम फैलाइएको थियो । एमालेको सरकारमा महन्थ ठाकुरजीको समूह सरकारमा सहभागी हुँदा धेरै मागहरु सम्बोधन गरेको थियो । एमाले नागरिकता विधेयकविरोधी हो भन्ने गरिन्थ्यो तर एमालेले नै लिएर आयो । मधेश आन्दोलनका क्रममा लगाइएका झुठा मुद्दा र बन्दीहरुको रिहाइ एमालेकै सरकारले गरेको थियो । संविधान संशोधनका लागि पनि एउटा समिति बनाएर अगाडि बढिरहेको अवस्था थियो । अहिले विकास निर्माणका कुराहरु हेर्ने हो भने मधेशका धेरै योजनाहरु केपी ओली नेतृत्वकै सरकारले अगाडि बढाएको हो । मधेशको विकासलाई केपी ओलीको सरकारले तीव्रता दियो र मधेशको मुद्दा सम्बोधन गर्नेतर्फ लाग्यो भने कसरी मधेशविरोधी भयो ? कुनै जमानामा एमाले मधेशविरोधी थियो होला । तर अहिले त परिवर्तन भइसकेको छ नि । गत निर्वाचनमा हामी स्वतन्त्र राजनीतिक समूहले एमालेसँग सहकार्य गर्ने बेलामा दुईबुँदे सहमति गरेका थियौं, त्योअनुसार कामहरु पनि भइरहेको थियो । पहिलाभन्दा अहिले त मधेशप्रति एमालेको दृष्टिकोण धेरै फरक भइसक्यो । पार्टी प्रवेश कार्यक्रममा पनि अध्यक्ष केपी शर्मा ओलीले हामी मधेशविरोधी होइनौं, सबैलाई साथ लिएर हिंड्ने भन्ने अभिव्यक्ति दिनुभएको छ । उहाँले पहिलादेखि नै यो कुरा बताउँदै आउनुभएको छ ।

**० भाषणमा त सबैले आफूलाई मधेशको हितैषी भनेर भन्छन्, तर व्यवहारमा देखिँदैन नि ?**

– कुरा गर्नका लागि सबैले आफूलाई मधेशको हितैषी भन्छन् तर एमालेले व्यवहारमा गरेर देखाएको छ । एमालेका विरुद्धमा विभिन्न कुप्रचारहरु गरिएको छ । हामी पनि विगतमा मधेशकेन्द्रित दलमा हुँदा त्यस्ता भ्रमहरु थियो । हामीले उठाउँदै आएका मुद्दाहरु सम्बोधन गराउनका लागि राष्ट्रिय पार्टीसँग नै मिलेर जानुपर्छ । मधेशकेन्द्रित दलहरुलाई हेर्ने हो भने सत्तालिप्ता र टुटफुटमा मात्रै लागेको देखिन्छ । सत्ताका लागि जहिले पनि विभाजन हुँदै आएको इतिहास छ । त्यो परिस्थितिले मधेशको मुद्दा सम्बोधन गराउन सकिँदैन । आफ्नो मुद्दालाई सम्बोधन गराउन राष्ट्रिय पार्टीमै लाग्नुपर्छ । हामी एमालेमा आउँदा आफ्नो मुद्दा छोडेका छैनौं, यहाँ सशक्तरुपले मुद्दा उठाइयो भने सम्बोधन हुनसक्छ ।

**० केपी ओलीको करिब दुई तिहाइको सरकार हुँदा राम्ररी सत्ता सञ्चालन गर्न सक्नुभएन, दुई–दुई पटक संसद विघटन गर्नुभयो । त्यो पार्टीमा किन जानुभयो ?**

– केपी ओलीले दुई तिहाइको सरकार चलाउन सक्नुभएन वा दुई-दुई पटक संसद विघटन किन भयो, यसका कारकहरु को-को छन् भन्ने कुरा त सबैलाई थाहा नै छ । अहिले केपी ओलीबाट छुटेर गएकाहरुको सत्तालिप्सा र भागवण्डाका कारण त्यस्तो परिस्थिति सिर्जना भयो । एउटै पार्टीमा भएर पनि आफ्नो पार्टीको सरकारविरुद्ध जहिले पनि षड्यन्त्र गर्ने, काम गर्न नदिने भएपछि के गर्ने ? जब सरकारलाई काम गर्न अवरोध हुन्छ, जनताका पक्षमा केही गर्न दिँदै भने त्यस्तो संसदलाई के गर्ने ? बरु ताजा जनादेशका लागि जनतामा जाने उचित निर्णय हो । त्यसैले संसद विघटनमा केपी ओलीभन्दा प्रचण्ड र माधव नेपाल बढी दोषी हुन् ।

**० तर जेसुकै भएपनि आन्तरिक कलहका कारण संसदलाई समाप्त पार्नु गलत थियो नि ?**

– संसद विघटन सही थियो भन्ने कुरा अहिले प्रमाणित हुँदै गएको छ नि । संसद पुनर्स्थापना भएर पनि अहिलेसम्म के काम भएको छ । सांसदहरुलाई तलब भत्ता खुलाउने बाहेक अन्य कुनै पनि काम गर्न सकेकै छैन । सांसदरुलाई तलब भत्ता र सुखसुविधा दिनका लागि मात्रै उपयोग भइरहेको छ । अहिले विभिन्न पक्षहरुले पनि भनिरहेको छ कि अर्लि इलेक्शनमा जानुपर्छ भनेर । संसदको कुनै काम नै भइरहेको छैन ।

# न्यायालय अझै संघात्मक हुन सकेन



**वीरेन्द्र ठाकुर**
**अधिवक्ता, सर्वोच्च अदालत**

**० सर्वोच्च अदालतको विवादबारे के भन्नुहुन्छ ?**

– अहिलेको अवस्थामा सर्वोच्च अदालतका प्रधानन्यायाधीशविरुद्ध उठेको आन्दोलन स्वाभाविक हो । न्यायालयमा विभिन्न किसिमका विकृति छन् । त्यसको शुद्धीकरणका लागि प्रधानन्यायाधीशको राजीनामाबाहेक अन्य विकल्प छैन । मुलुकमा यत्रो ठूलो परिवर्तन भयो, मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र भयो तर प्रधानन्यायाधीशको कार्यशैली एकात्मक प्रणालीजस्तै देखिएको छ । न्यायालयमा परिवर्तनको अभ्यास देखिँदैन । विगतमा जसरी एकात्मक न्यायालय थियो, आजको दिनमा पनि न्यायालय संघात्मक हुन सकेन । यसमा यथास्थितिवादीहरु नै हावी छन् । ती विकृतिहरुलाई हटाउनका लागि प्रयासहरु भएन । विरोधका स्वरहरु पहिला पनि उठेकै हो । अहिलेको स्थिति भनेको यथास्थिति, एकात्मक प्रवृतिको विरुद्ध शुद्धीकरणका लागि लामो समयदेखि कानून व्यवसायीहरु प्रयास गरेका थिए । न्यायालयमा सुधारका लागि पटक-पटक विभिन्न प्रतिवेदनहरु पेस गरिएको थियो तर न लागू भयो न त सुधार नै । न्यायालयमा विकृति छ, त्यसलाई सुधार गर्नुपर्छ भनेर नेपाल बार एसोसिएसनलगायत कानून व्यवसायीहरु पटक-पटक आवाज उठाएकै हुन् । त्यो सम्बोधन पनि भएन । त्यसको स्वरुप अहिलेको अवस्था सिर्जना भएको हो । अहिले देशभरि नै न्यायालयप्रति आमजनताले प्रश्न उठाइरहेका छन् । हामी कुनै व्यक्तिका विरुद्धमा छैनौं, प्रवृतिको विरुद्धमा हौं । न्यायालयमा अहिले शुद्धीकरणको खाँचो छ ।

**० न्यायालयभित्र शुद्धीकरणका लागि प्रधानन्यायाधीशले राजीनामा नै गर्नुपर्ने हो ?**

– यो राजीनामाको कुरा मात्रै होइन । न्यायाधीश हरिबहादुर कार्कीको प्रतिवेदन कार्यान्वयनको कुरा पनि उठेको छ । अन्य विकृतिका विषयवस्तुहरु पनि उठेका छन् । चोलेन्द्र श्रीमान् जानुहुन्छ, भोली अन्य कुनै झोलेन्द्रजी आउनुहुन्छ । त्यसकारण समग्ररुपमा यसको शुद्धीकरण हुनुपर्छ । एउटा व्यक्तिलाई मात्रै राख्ने वा हटाउने विषयभन्दा पनि विकृति र प्रवृति नै हो । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा पनि एउटा कारण हो । मूल कारण उहाँलाई बारले भनेको छ । किनभने नेतृत्व सही भएन अन्य पनि त्यस्तै हुन्छन् । त्यसकारण नेतृत्वका विषयमा अहिले प्रश्न उठेका छन् । यो प्रवृतिलाई नै समाप्त पार्नुपर्छ ।

**० प्रवृतिलाई कसरी समाप्त पार्ने त ?**

– त्यसका लागि सामान्य प्रक्रिया छ । अहिलेको अवस्थामा प्रधानन्यायाधीशमाथि जुन प्रश्नहरु उठेका छन्, ती प्रश्नहरुको समुचितरुपमा उहाँले जवाफ दिनुपर्‍यो । उहाँमाथि उठेका प्रश्नहरुमा उहाँकै सहकर्मी, सहयोद्धाहरु विरुद्धमा छन् । उहाँले आफ्नै टिमलाई विश्वासमा लिनसक्नुभएको छैन । त्यसले गर्दा के देखिन्छ भने कहीं न कहीं उहाँमा नै समस्या छ ।

**० राजीनामाले शुद्धीकरणको शुरुवात हुन्छ ?**

– न्यायालयमा शुद्धीकरणका लागि पटक-पटक प्रतिवेदनहरु पेश भएका छन् । सर्वोच्च अदालतका न्यायाधीश हरिबहादुर कार्कीले पनि शुद्धीकरणका लागि एउटा प्रतिवेदन बुझाउनुभएको छ । त्यो प्रतिवेदनलाई पहिले लागू गर्नुपर्‍यो । विगतमा जसरी राजनीतिक दलको भागवण्डको आधारमा नियुक्तिहरु भएका छन्, श्रीमान्हरुको सम्पति विवरणका कुराहरु छन्, भएका फैसलाहरुमाथि प्रश्न उठिरहेका छन् लगायतका थुप्रै विकृतिहरु अहिले उजागर भएका छन् । त्यसैले न्यायालयमा शुद्धीकरणका लागि एउटा उच्चस्तरीय न्यायिक समितिको आवश्यक छ । न्यायालयमाथिको विश्वास र आस्था कायम राख्नका लागि अहिले सबै क्षेत्रबाट आवाजहरु उठिरहेका छन् । यसको समाधान गर्न आवश्यक छ । अहिलेको अवस्था विकराल हुँदै गएको छ । सहज निकासका लागि राजीनामा नै उपयुक्त बाटो हो ।

**० प्रधानन्यायाधीश राजीनामा नदिने अडानमा हुनुहुन्छ, उहाँको विरुद्धमा चरणबद्ध आन्दोलनहरु पनि भइरहेकै छन् ?**

– निश्चितरुपमा अवस्था सामान्य छैन । वास्तवमा अहिले उठेका प्रश्नहरु बडो जटिल छ । सबभन्दा मुख्य प्रश्न के हो भने बहुमत न्यायाधीशहरुले प्रधानन्यायाधीशलाई अविश्वास गर्नुको कारण के त ? मान्नुस् संसदमा प्रधानमन्त्रीमाथि बहुमतको विश्वास छैन भने प्रधानमन्त्रीले के गर्ने ? यदि समग्र संस्थाले यो मान्यता राख्छ कि एक जना व्यक्तिका कारणले सारा विकृतिहरुको जन्म भएको भने निकासका लागि बहिर्गमन नै एक मात्र उपाय हो । पूरा सिस्टमलाई नै बर्बाद हुनबाट जोगाउनका लागि निकास त दिनैपर्छ । न्यायालयभित्र सहज निकासका लागि समग्र राजनीतिक दलहरुको पनि एउटा धारणा हुनुपर्ने देखिन्छ । जनअपेक्षा के छ भने कमसेकम हाम्रो न्यायालय विवादरहित हुनुपर्छ । दुनियाँको जुनसुकै देशमा यदि कुनै पनि संस्था ट्र्याकभन्दा बाहिर जान्छ भने त्यसलाई सही बाटोमा ल्याउने भनेको न्यायालय नै हो । त्यसैले न्यायपालिकामा देखिएको विवाद समाधानका लागि कार्यपालिका, व्यवस्थापिकाको दायित्व देखिएको छ । कार्यपालिकाले यसलाई नोटिशमा लिएर आफ्नो निकायहरुलाई सक्रिय गर्नुपर्‍यो । यो त राज्य व्यवस्था सञ्चालनसँग सरोकार राख्ने भएकोले जतिसक्दो चाँडो समाधान खोजिनुपर्छ ।

**० निकास कसरी निस्किन्छ ?**

– प्रधानन्यायाधीशमाथि प्रश्न उठेको छ भने उहाँले मार्ग प्रशस्त गरिदिनुपर्छ । नेतृत्वकर्तामाथि प्रश्न उठिसकेपछि त्यसको छानबिन गर्ने विभिन्न निकायहरु त छन् । अहिले विवाद लामो समयसम्म लम्बिँदै गयो भने न्यायालयप्रतिको आस्था र विश्वास कायम रहँदैन सक्दैन । यसको क्षतिपूर्ति सभ्य समाजले व्यहोर्नुपर्ने हुन्छ । त्यसकारणले यसको निकासका लागि कार्यपालिकालगायत सम्पूर्ण सरोकारवालाहरुले एउटा निश्चित मापदण्डअनुसार सार्वजनिक छानबिन समिति गठन हुनुपर्‍यो । तबसम्म बरु उहाँ विदा लिएर बसेपनि हुन्छ । वास्तवमा यी विषयहरुमा उहाँ दोषी हुनुहुन्छ भने राजीनामाले मात्रै समस्याको समाधान हुँदैन, कारबाही हुनुहुपर्छ । यो कुनै व्यक्तिमाथिको समस्या होइन, पूरा न्यायालयमाथिको समस्या हो । यो असामान्य अवस्था हो । त्यसकारण सरोकारवालाले तुरुन्तै एक्सन लिनुपर्छ र समुचित निकास पाउनुपर्छ ।

**० भनेपछि सरकारको तर्फबाट नै पहल हुनुपर्‍यो ?**

– निश्चितरुपमा । अहिले फुल कोर्ट बस्नुपर्‍यो, न्याय परिषद्सँग समन्वय गर्नुपर्‍यो । संवैधानिक परिषद्मा भएका व्यक्तिहरुसँग समन्वय हुनुपर्‍यो । राष्ट्रपतिदेखि संसदसम्मले यसलाई संज्ञानमा लिएर सरकारले पहलकमदी थाल्नुपर्‍यो । यसमा प्रहरी परिचालन गरेर यो समस्याको समाधान हुँदैन ।

**० तर, यो विषयमा सरकार किन पन्छिरहेको छ ?**

– हामीले के बुझ्नुपर्छ भने शक्ति पृथकीकरणको सिद्धान्तअनुसार न्यायालयलाई कार्यपालिकाले हस्तक्षेप गर्नु हुँदैन । त्यसकारणले यसमा प्रधानमन्त्री वा व्यवस्थापिकाले हस्तक्षेप गर्न मिल्दैन । तर न्यायालयभित्रैबाट यसको निकास निस्किन सकेको छैन भने संविधानले व्यवस्था गरेको विधि र प्रक्रियाबमोजिम राज्यको अभिभावकले कदम चाल्नुपर्छ ।

**० अब फरक प्रसंग, श्रममन्त्रीले जसरी देश टुक्र्याउँछु भन्ने मधेशीलाई केपी ओलीले १२-१४ वटा मन्त्री बनाए भन्ने अभिव्यक्तिलाई कसरी हेर्नुभयो ?**

– यो उहाँको अभिव्यक्तिको स्वतन्त्रता हुन सक्दैन । उहाँ एउटा मन्त्री भइसकेपछि राज्यकै एउटा जिम्मेवार व्यक्ति हुनुहुन्छ । जिम्मेवार पदमा बसेर यदि उहाँले त्यस्तो अभिव्यक्ति दिनुभएको छ भने सामाजिक सद्भाव विथोल्ने कुनै समुदायप्रति घृणा फैलाउने काम भएको हुनसक्छ । यस विषयमा उहाँको पार्टी, सरकारले चासो लिनुपर्छ । यो उहाँको ठूलो गैरजिम्मेवारीपनको संकेत हो । बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएको यो देश हो । यहाँ थुप्रै राष्ट्रियहरु छन् । विद्वेष फैलाउनु काम यदि उहाँले गर्नुहुन्छ भने जनताले पनि भोलि तिरस्कार गर्छ । यदि उहाँले त्यो कुरा बोलेको हो सरासर गलत हो । यसको हामी घोर भर्त्सना र विरोध गर्छौं ।

# नेपालमा पनि गाँजा वैध हुनुपर्छ



भीम उपाध्याय

अमेरिकाको तल्लो सदन कंग्रेसमा गत सोमबार अमेरिकाको ऐनमा गा'जालाई लागू पदार्थको लिस्ट ( Controlled Substance Act CSA) बाटै हटाएर (रिसिडुअल हैन, डिसिडुअल) सामान्य अन्य बालीसरह मान्यता दिने नयाँ विधेयक दर्ता भएको छ ।

अमेरिकाको संघस्तरमा गा'जा अझै प्रतिवन्धित छ । ३८ राज्यमा वैध छ र १८ राज्यमा गाँजा किनेर खान पाइन्छ ।

गाँजा अमेरिकाको वैध रूपमै पाँचौ प्रमुख नगदे बाली हो । मकै, भटमास, घाँस, गहुँपछि गाँजा खेतिको मूल्य ठूलो छ । त्यहाँ गाँजाको खेति वार्षिक ६.२ अर्ब डलर (करिब रू ७ खर्ब) को छ । विभिन्न नियन्त्रण र प्रतिवन्ध हुँदाहुँदै पनि यति ठूलो योगदान छ भने नियन्त्रण हट्नासाथ प्रथम बाली हुने टड्कारो संभावना देखिन्छ ।

नेपालमा पनि गाँजा वैध हुनासाथ यो नै नेपालको पहिलो  ठूलो बाली हुने उत्तिकै संभावना देखिदै छ । त्यो दिनदेखि गरिब कुनाकाप्चाका किसान धनि हुन सुरू गर्नेछ । सरकारले पनि राजश्व मनग्गै उठाउन थाल्नेछ र विकासका लागि कडा सर्तमा बजेट जुटाउन बिदेशी दाताको पाउ मल्नुपर्ने छैन ।

तत्कालिन अमेरिकी सहायक विदेशमन्त्री मार्गरेट पी गार्फिल्डले २०३४ भदौ ३ गते राजा वीरेन्द्रलाई भेटेर नेपालमा गाँजामाथि प्रतिबन्ध लगाउनुपर्ने नत्र नेपालसँगको द्विपक्षीय सम्बन्धमा असर पर्ने चेतावनीसहितको जिम्मी कार्टरको विशेष सन्देश सुनाएपछि गाँजामाथि नेपालले प्रतिबन्ध लगाइएको रहेछ । २०३५ वैशाख ७ गते राजा वीरेन्द्रले जिम्मी कार्टरलाई 'गाँजामाथि प्रतिबन्ध लगाएपछि जनताको आयस्रोत गुमेर झन् गरिब भएको र प्रतिबन्ध फुकुवा गर्न आफूलाई अनुरोध आएको' बेहोराको चिठी लेखेका थिए। तर अमेरिकाले वास्तै गरेन ।

गाँजामाथि प्रतिबन्ध लगाएपछि नेपाललाई गाँजाबाट हुने आयस्रोत त बन्द भयो नै, गाँजासम्बन्धी मुद्दामा गरिबहरूलाई कारागारमा राख्नुपरेकाले हरेक वर्ष करोडौं रुपियाँ थप खर्च पनि भइरहेको रहेको छ ।

यससम्बन्धी विवरण 'अडियन्स विथ किङ वीरेन्द्र – नार्कोटिक' नामबाट विकिलिप्स रिपोर्टले बाहिर ल्याइदिएको रहेछ । (नेपाल, १५ चैत २०७६)

अमेरिकाले गाँजालाई सामान्य बाली सरह मान्यता दिने गरी नयाँ विधेयक संसदमा दर्ता गरेको छ । उसले नै विश्वभरि गाँजा प्रतिबन्ध लगाउन लगायो । प्रतिवन्धित अवधिमा नै सारा रिसर्चहरू समेत गरेर पेटेन्ट र प्रोपर्टी अधिकार पनि कब्जा गरिसकेको छ ।

नेपाल ट्वाँ पर्दैछ । १ वर्ष भयो संयुक्त राष्ट्र संघले गाँजा कडा लागू पदार्थ हैन औषधीय वनस्पति हो, वैध गरेर उपयोग गर्न पाउछ भनेर महासन्धि पास गरेको छ । नेपालले यो प्रस्ताव पास गर्न निर्णायक १ मत दिएको हो तर त्यसपछि अहिलेसम्म चुं बोलेको छैन । आफ्नो श्रोत विगत साढे ४ दशकसम्म नखोल्दा पनि चुँ बोलेनन्, अहिले त्यो श्रोत पाउदा पनि चुं गर्दैन । यति लाछी सरकार, प्रशासन र नेताहरू भएको मुलुक नेपाल छ ।

यदि यी नेताहरू र दलहरू यसमा चाँसो दिएर लाग्दैनन् भने अब जनता नै जागेर नयाँ दल खोलेर गाँजालाई खुला गर्न किन न जुर्मुराउने ?

कच्चा गाँजामा THC हुदैन, तर यसलाई केही अतिरिक्त फाइदाहरूको लागि उपभोग गर्न सकिन्छ ।

केही उदाहरणहरू छन्:

एमेच्योर भांग प्रयोगकर्ताहरूलाई भांगको भित्री कार्यहरू थाहा नहुन सक्छ । उनीहरूलाई थाहा छैन कि "उच्च" अनुभवको लागि मुख्य तत्व गर्मी हो, जसले कम्पाउन्ड THCA लाई THC मा रूपान्तरण गर्छ, त्यसैले कसैले आफ्नो मिठाईमा कच्चा गाँजा थप्ने प्रयास गर्न सक्छ र केही प्रकारको फाइदाको आशा गर्न सक्छ ।

हालका वर्षहरूमा, मानिसहरूले भांगको बोटको अन्य भागहरूमा चासो लिएका छन्, त्ज्क्ष्ट लाई उनीहरूको फोकसबाट हटाउँदै। त्यहाँ बिरुवामा विभिन्न प्रकारका तत्वहरू छन् जुन फाइदाहरू छन्, कहिलेकाहीं रहस्यमय, किनभने तिनीहरू सबै अध्ययन गरिएका छैनन्। यी यौगिकहरू र टर्पेनहरू प्रचुर मात्रामा र धेरै भिन्न हुन्छन्, जहाँ अनुसन्धानकर्ताहरूलाई थाहा हुँदैन कि त्यहाँ कति छन् र तिनीहरूका प्रभावहरू पूर्ण रूपमा के छन्।

काँचो भांगको उपभोग गर्दा तपाईंलाई उच्च प्राप्त हुँदैन र सबैभन्दा स्वादिष्ट अनुभव हुनेछैन, यो पातदार सागहरू खाने जस्तै हो । जब बिरुवाले कुनै मनोवैज्ञानिक प्रभावहरू उत्पादन गर्दैन, यसले तपाईंको प्रणालीमा भिटामिन, खनिज र क्यानाबिनोइडहरू प्रदान गर्न मद्दत गर्न सक्छ ।

भांगको बोटमा त्ज्क्ष्ट प्रभावकारी हुनको लागि - उच्च र आराम वा रचनात्मकताको अनुभूति प्रदान गर्दै - बोटलाई डेकार्बोक्सीलेसन प्रक्रियाबाट गुज्रनु आवश्यक छ । यो धेरै नियोफाइट क्यानाबिस शेफहरूले खाना पकाउनु अघि छोड्ने चरण हो ।  डेकार्बोक्सीलेसन तब हुन्छ जब तपाइँ बिरुवामा तातो लगाउनुहुन्छ, चाहे जोइन्ट धुम्रपान गर्दा वा भांगलाई तपाइँको खानेकुरामा थप्नु अघि पहिले तातो गर्दा ।

यसको प्राकृतिक अवस्थामा, भांगमा कुनै THC छैन । यसको सट्टामा यसमा THCA भनिने एक कम्पाउन्ड छ, जुन एन्टि-इन्फ्लेमेटरी गुणहरू, मस्तिष्क स्वास्थ्यको प्रवर्द्धन, कोशिकाहरूको प्रसार, र क्यान्सर कोशिकाहरूको वृद्धि र फैलावटलाई पनि ढिलो बनाउँछ ।

तैपनि, तपाईले भांग अनुसन्धानमा जतिसुकै लगानी गर्नुभयो, त्यहाँ कुनै वैज्ञानिक प्रमाण छैन जसले ग्यारेन्टी दिन्छ कि काँचो बिरुवाको सेवनले एन्टि-इन्फ्लेमेटरी गुणहरू र यससँग जोडिएको अन्य फाइदाहरू प्रदान गर्दछ ।  जे होस्, भांग काँचो खाएमा, तपाईंले कुनै पनि अन्य हरियो र पातदार बोट खानुको समान फाइदाहरू प्राप्त गर्नुहुनेछ ।

यदि तपाईं भांग खानमा रुचि राख्नुहुन्छ र यसलाई चुनौतीपूर्ण लाग्दै हुनुहुन्छ भने, तपाईंले प्रयास गर्न सक्ने केही विकल्पहरू छन् । जबकि कोही यसलाई सलादमा वा तिनीहरूको भाँडामा गार्निशको रूपमा थप्न इच्छुक छन् (किन?!), रस निकाल्नु सबैभन्दा सरल तरिका हुन सक्छ। यस प्रक्रियाले पातहरू, काण्ड र कोपिलाहरू सहित सम्पूर्ण भांगको बोटको फाइदा लिन्छ, र कच्चा गाँजाको स्वाद राम्रो बनाउने तरिका खोज्नु भन्दा धेरै राम्रो विकल्पको लागि बनाउँछ ।

क्यानाबिसको रसमा बोटमा भएका सबै यौगिकहरू र गुणहरू हुन्छन् र तपाईंको स्वाद अनुसार मोल्ड गर्न सकिन्छ।  तपाईं यसलाई अन्य फलफूल र तरकारीहरूसँग मिलाउन सक्नुहुन्छ, मिठासको लागि केही मह थप्नुहोस् र स्वस्थ र स्वादिष्ट चीजको साथ अन्त्य गर्न सक्नुहुन्छ ।

आशा छ कि यो दृष्टिकोणले तपाईंलाई विभिन्न तरिकामा भांग प्रयोग गर्न मद्दत गर्न सक्छ। यदि तपाइँसँग भांगका पातहरूमा पहुँच छ भने तपाइँसँग भांगको बोटमा पहुँच छ । आफ्नो फाइदाको लागि प्रयोग गर्न निश्चित हुनुहोस्; पेय, चिया र कफीहरू इन्फ्युज गर्न, वा ककटेलमा चिसो र सुगन्धित ट्विस्ट थप्न र केही बेलुका पाहुनाहरूलाई वाह गर्नका लागि स्टिकहरू, डाँठहरू, पातहरू र यस्तै प्रयोग गर्न सकिन्छ ।

*(भीम उपाध्याय नेपालका पूर्वसचिव हुन् ।)*

## गाँजाका कपडा तथा सामानहरू




पशु सेवा विभाग

## राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरुको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरुलाई सडक तथा सार्वजनिक स्थानहरुमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरुलाई नियमित रुपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि
सम्पर्क
फोन : ०१-५५२२०३१
इमेल : info@nlrmpo.gov.np


## मधेश अपडेट

### ओली र एमाले नै मधेशविरोधी : प्रचण्ड

महोत्तरी । पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले केपी ओली र नेकपा एमाले नै मधेशविरोधी रहेका आरोप लगाएका छन् । बुधबार महोत्तरीको रामगोपालपुरमा आयोजित आमसभामा उनले आफूहरूले दुईपटक संविधान संशोधनको प्रस्ताव राखेको तर एमाले र ओलीकै कारण असफल भएको बताएका हुन् ।  आफूले राखेको प्रस्ताव नेकपा (एमाले) र त्यसका अध्यक्ष केपी शर्मा ओलीले पारित गर्न नदिएको जिकिर उनले गरे । उनले ओली र एमाले नै मधेसविरोधी भएको आरोप समेत लगाए । प्रचण्डले माओवादीले संघीयता छोड्यो भन्ने आरोप लगाएर महन्थ ठाकुर, राजेन्द्र महतोहरूलाई सिँगारपटार गरेर मधेशको नेता बनाइएको आरोप पनि लगाए । 'मधेसवादी पार्टी, मधेशी जनताको पार्टी भनेर महन्थ ठाकुर, राजेन्द्र महतोहरूजस्तालाई सिँगारपटार गरेर तपाईंहरूको अगाडि प्रस्तुत गरियो । हामी मधेशीका मित्र हौं, माओवादी मधेशीको मित्र होइन भनियो,' उनले भने ।

### मिश्रसहित हजारौं नेता कार्यकर्ता एमाले प्रवेश

नेपालगन्ज । हृदयेश त्रिपाठी नेतृत्वको स्वतन्त्र राजनीतिक समूहका प्रभावशाली नेता पशुपति दयाल मिश्र नेकपा (एमाले)मा प्रवेश गरेका छन् । बुधबार नेपालगन्जमा आयोजितमा पार्टी प्रवेश कार्यक्रममा मिश्रसहित हजारौं नेता कार्यकर्ताहरु एमालेमा प्रवेश गरेका छन् । बाँकेका तीन हजार बढी एमालेमा प्रवेश गरेको बताइएको छ । पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा हजारौं नेता कार्यकर्ता पार्टी प्रवेश गरेका छन् । पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले देशैभर एमालेप्रति जनताको लहर बढ्दै गएको बताएका छन् । उनले भने, 'देशैभर एमालेमा आउनेको लहर चलेको छ ।' ओलीले बाँके जिल्ला नेकपा एमालेको किल्लामा परिणत भएकोसमेत बताए ।

### प्रदेश २ मा ११ विगहाको गाजा खेती नष्ट

जनकपुरधाम । सशस्त्र प्रहरीले सर्लाही र महोत्तरीमा ठूलो मात्रामा अवैध गाँजा खेती नष्ट गरेको छ । सशस्त्र  प्रहरी प्रदेश नम्बर २ का प्रमुख डीआईजी गणेश ठाडा मगर नेतृत्वको टोलीले आइतबार ८ विगहा क्षेत्रफलमा लगाएको गाँजा खेती फँडानी गरी नष्ट गरेको हो । एकडाँरा गाउँपालिका ५ गोनाहा बथनाहा, वडा नम्बर ३ अजम्वरपट्टी, वडा नम्बर ४ रानिरतुवा लगायतको विभिन्न स्थानमा ८ विगहा क्षेत्रमा लगाइएको गाँजा फँडानी गरी नष्ट गरेको हो । महोत्तरी जिल्लााका प्रमुख जिल्ला अधिकारीसहित प्रदेश नम्बर २ छिन्नानमस्ता बाहिनीका बाहिनीपति, नम्बर ९ गणका सहायक प्रहरी उपरीक्षक, नेपाल प्रहरीका प्रहरी उपरीक्षक लगायतको प्रहरी टोलीले गाँजा फँडानी तथा बरामद गरी नष्ट गरेको डीआईजी मगरले जानकारी दिए । यस्तै, आइतबार सर्लाहीको लालबन्दी नगरपालिका १४ कामिटारमा ३ विगहा क्षेत्रमा लगाइएको गाँजा खेती नष्ट गरेको सशस्त्र प्रहरी जनाएको छ । नम्बर १० गणबाट सहायक प्रहरी नायव उपरीक्षक दिपेन्द्र थापाको नेतृत्वमा ४० जना र जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट प्रहरी निरीक्षक सुरेश ठाकुरको नेतृत्वमा २४ जनाको संयुक्त टोलीले गाँजा फडानी तथा बरामद गरी नष्ट गरेको हो ।

### प्रन्याले अविलम्ब निकास दिनुपर्छ : महतो

वीरगन्ज । पूर्वउपप्रधानमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले न्यायालयको गरिमा बचाउन प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले राजीनामा दिनुपर्ने बताएका छन् । वीरगन्जमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा महतोले प्रधानन्यायाधीश जबराले अविलम्ब निकास दिनुपर्ने बताउँदै भने, 'नेपाली जनताले न्याय पाइरहेको छैन, अदालत चलिरहेको छैन । अदालतको न्यायाधीश लगायत सारा कानून व्यवसायी आन्दोलनमा छ ।' उनले देश सेटिङ्गमा चलिरहेको बताउँदै भने, 'सेटिङमा देश चलिरहेको छ । त्यसको जिम्मा प्रमुख प्रधानन्यायाधीशले लिनुपर्छ । न्यायायलयजस्तो संस्थाको गरिमालाई बचाउन अविलम्ब प्रधानन्यायाधीशले निकास दिनुपर्छ ।' महतोले प्रधानन्यायाधीश कुर्सीमा बसेपछि सेटिङमा फैसला गरेको आरोपसमेत लगाए । 'प्रधानन्यायाधीशको राजीनामा माग्या हो, राजीनामा गर्नुपर्छ', उनले भने ।

### कपिलवस्तुमा सयौं नेता कार्यकर्ता जसपा प्रवेश

इमरान खान, कपिलवस्तु । कपिलवस्तुका सयौं नेता कार्यकर्ता जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले नवप्रवेशीहरुलाई स्वागत गरेका थिए । कृष्णनगर नगरपालिकामा जसपा नेपाल कपिलवस्तु क्षेत्र ३ ले आयोजना गरेको पार्टी सुदृढीकरण तथा जनजागरण अभियान एवं अगुवा कार्यकर्ता तथा पार्टी प्रवेश कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा विभिन्न दलबाट लगभग ६ सय जना जसपा नेपालमा प्रवेश गरेको जसपा नेपाल लुम्बिनी प्रदेशका प्रवक्ता अकरम पठानले बताए । केन्द्रीय सदस्य राजकुमार चौधरीको संचालनमा लुम्बिनी प्रदेशका भौतिक योजना एवं पुर्वाधार मन्त्री सहसराम यादव, प्रदेश अध्यक्ष अशोक यादव, प्रदेश उपाध्यक्ष अब्दुल रसिद खाँ, प्रदेश सदस्य राइस शाह, पुर्व मन्त्री दान बहादुर चौधरी, केन्द्रीय सदस्य नारायण खनाल, शैलेश प्रताप शाह, मायादेवी गाउँपालिका अध्यक्ष बजरंगी चौधरी, जिल्ला अध्यक्ष शैलेन्द्र कुमार यादव, रामकुमार गुप्ता लगायत कपिलवस्तु जिल्ला कार्य समिति सदस्य तथा सर्वसाधारणहरुको बाक्लो उपस्थिति रहेको थियो ।

### हिन्दू-मुस्लिमबीच सातबुँदे सहमति

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नं. २० देवपुरा रुपैठामा उत्पन्न भएको हिन्दू-मुस्लिम समुदायबीच विवाद समाधानका लागि सातबुँदे सहमति भएको छ । छठ पर्वमा स्थानीय तेलिया पोखरीमा घाट निर्माणको विषयलाई लिएर दुई समुदायबिच भएको विवादले उग्ररुप लिएपछि झडप भएको थियो । सो विषयलाई लिएर शनिवार पुनः झडप हुँदा स्थानीय प्रशासनले निषेधाज्ञा लगाएको थियो । सोमबार जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम उपमहानगरका प्रमुख, उपप्रमुख, देवपुरा रुपैठाका हिन्दू र मुस्लिम समुदायका अगुवाहरुबीच विवाद समाधान गर्न दुबै पक्षबीच ७ बुँदे सहमति गराएको छ । तेलिया पोखरीमा मुस्लिम समुदायले गाडेको झण्डा हटाउने, पोखरी अबदेखि जनकपुरधाम उपमहानगरपालिकाको अधिनमा रहने, पोखरीको सम्पूर्ण व्यवस्थापन तथा रेखदेख एवं संरक्षण उपमहानगरपालिकाले नै गर्ने, दुबै समुदायले एक अर्कालाई सम्मान गर्नेलगायतका सहमति भएको छ ।

### मुख्यमन्त्री राइले पाए विश्वासको मत

विराटनगर । प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्र राईले विश्वासको मत प्राप्त गरेका छन् । मुख्यमन्त्री राईको पक्षमा ५० र विपक्षमा २९ मत परेको छ । बुधबार प्रदेशसभामा मुख्यमन्त्री राईले मागेको विश्वासको मतको पक्षमा उनको पार्टी नेकपा एकीकृत समाजवादी, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीका सांसदले मतदान गरेका छन् । प्रदेशसभाका कुल ९२ सांसदमध्ये ७९ जना उपस्थित भएका थिए । प्रमुख विपक्षी नेकपा एमालेल विपक्षमा मतदान गरेको थियो ।

### बारामा म्याराथन प्रतियोगिता हुदै

बारा । प्रदेश नं. २ को बारा जिल्लामा उच्चस्तरीय शिक्षा तथा स्वास्थ्यका लागि दौड (म्याराथन) प्रतियोगित हुने भएको छ । आगामी मंसिर १२ गते बाराको आदर्श गाउँपालिकास्थित श्रीराम चरित्र माध्यमिक विद्यालय च्यूटाहाँको प्रांगणबाट म्याराथन प्रतियोगिता सुरु भई रौतहट जिल्लाको सिमाना अरुवा नदीसम्म १० किलोमिटर रहेको छ । बारा निर्वाचन क्षेत्र १ को सिम्रौनगढ नगरपालिका, आदर्श कोतवाल गाउँपालिका र बारागढी गाउँपालिकाका प्रतियोगीहरु सहभागी हुने आयोजक तराई सामुदायिक उत्थान केन्द्र बाराका अध्यक्ष संजय यादवले जनाएका छन् । सो म्याराथन प्रतियोगितामा तीन पालिकाका करिब साढे पाँच सयभन्दा बढी प्रतियोगीहरुले भागलिने छन् । तीनै पालिकामा रहेको ३० वटा वडाबाट कम्तीमा १५/१५ जना प्रतियोगीहरु सहभागी हुनेछन् ।

# अदालत अब एक असफल राष्ट्रको असक्षम निकाय भयो : जेपी गुप्ता



जयप्रकाश गुप्ता

काठमाडौं । पूर्वमन्त्री तथा तराई मधेश राष्ट्रिय अभियानका संयोजक जयप्रकाश गुप्ताले नेपालमा अदालत अब एक असफल राष्ट्रको असक्षम निकाय भएको टिप्पणी गरेका छन् ।

सामाजिक सञ्जालमा शुक्रबार एक स्ट्याटस लेख्दै भनेका छन्, 'सर्वोच्च अदालतको यो विवाद आखिर कहाँ गएर टुंगिन्छ ? प्रधानन्यायाधिश चोलेन्द्रको अब त्यहाँ पदासीन उपस्थितिले अदालतको गरिमालाई जोगाउन सक्दैन ।'

सर्वोच्चमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको उपस्थितिले गरिमा जोगाउन नसकिने गुप्ताले बताएका छन् । उनले भनेका छन्, 'उनी प्रधानन्यायाधीश रहेपनि सर्वोच्च अदालतको फूलकोर्ट "प्रचण्ड र ओली दुबै जना संगै रहेको नेकपा" भन्दा के फरक होला र ?'

यदि चोलेन्द्र हटेमा यसपछि आउने प्रधान न्यायाधिशहरूको अवस्था पनि फरक नहुने उनको तर्क छ । जोसुकै प्रधानन्यायाधीश बनून्, उनी पनि "कुनै सैनिक 'कू' बाट सत्ता परिवर्तन भई जुन्टाको पक्षपोषण गर्ने न्यायाधिश" भन्दा फरक नहुने दाबी जेपीको छ ।

चोलेन्द्रपछि जसको प्रधानन्यायधीश हुने सम्भावनाको चर्चा छ-उनि खिलराज-कल्याण र सुशीला ट्रोयकाको 'लाचार छाया' भन्दा अलग्ग बताउँदै भने, 'वास्तवमा, अबको सर्वोच्च अदालत संविधान अनुसार लिइएको शपथ र बार एशोसिएशनबाट बन्ने मनोवैज्ञानिक दबाबको 'द्वैध शासन' सरह हुनेछ ।'

'अहिले अदालतमा अनैतिक आत्मबलका साथ प्रधान न्यायधिश हुनेहरूको संख्या लामो छ । कुनै असफल र टाट पल्टेको कम्पनीको ट्रेड युनियनमा बदलिएको बार एशोसिएशन अब न्याय प्रणालीको लागि बैध दवाबकर्ता र बिचौलिया भन्दा फरक हुने छैन ।' सामाजिक सञ्जालमा लेखेका छन् ।

यस स्थितिमा सरकारको संकेतबाट चोलेन्द्रको विस्थापन एक सरल बाटो रहेकोले यसमा सरकार अदालतबाट अनुग्रहित देखिएको जिकिर उनले गरेका छन् । सरकार तथा दलहरूको उदासीनताले अदालतलाई हिलाम्य बनाएको उनको भनाइ छ ।

उनले भनेका छन्, 'अब वास्तवमा अदालत एक असफल राष्ट्रको असक्षम निकाय भयो । खोज्नोस् कसको श्राप पर्यो !'

# एक महिनाभित्रै १० करोड बराबरको अवैध मालसमान बरामद

पर्सा, २९ कार्तिक । नेपाल र भारतबाट हुने गरेको चोरी पैठारी नियन्त्रणका लागी खटिएको सशस्त्र प्रहरी बल नेपाल २ नम्बर बाहिनीको टोलीले एक महिना नबित्दै करिब १० करोड बराबरको मालसमान पक्राउ गर्न सफल भएको जनाइएको छ ।

प्रदेश नम्बर २ मा रहेको पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी गरी आठवटै जिल्लाहरुबाट एक महिना नबित्दै १० करोड बराबरको मालसमान नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी बल नेपालले जनाएको हो ।

सशस्त्र प्रहरी बल नेपाल २ नम्बर बाहिनीको प्रमुखको रुपमा डिआईजी गणेश ठाडा मगरको आगमन हुनसाथ सशस्त्र प्रहरीले बिगतको आर्थिक बर्ष भन्दा यसपालिको आर्थिक बर्ष २०७७/७८ मा करिब दोब्बर राजस्व छलिका मालसमान नियन्त्रणमा लिन सफल भएको बताइन्छ । डिआईजी गणेश ठाडा मगरको ठाडो निर्देशनले सीमाबाट हुने अवैध कारोवारहरुमा पक्कै पनि कमी आउने गरेको बिश्वास लिइएको छ । सीमा सुरक्षाको साथ साथै सीमा हुँदै हुने गरेको राजस्व छलि नियन्त्रणको निम्ति खटिएको सशस्त्र प्रहरी बल नेपालको टोलीले यस आर्थिक बर्षमा गरेको कार्य सराहनीय रहेको तुलनात्मक विवरणले स्पष्ट पारेको छ ।

यता सशस्त्र प्रहरी बल नेपाल २ नम्बर बाहिनीका प्रमुख डिआईजी गणेश ठाडा मगरले आफ्नो कार्यकालमा कुनै किसिमको अवैध क्रियाकलाप गर्ने गिरोहलाई बढावा नदिने बताउनु भएको छ । नेपाल र भारतको सीमा नाका खुल्ला भएको कारण अवैध तरिकाले आयात निर्यात हुने गरेको कार्यलाई पूर्ण रुपले ठप्प पार्न नसकिने भएपनि आफ्नो प्रयास न्यूनिकरण गर्नमा कुनै कसर बाँकी नराखिने डिआईजी मगरले बताए ।

उनले भने अगामी दिनमा पनि प्रदेश नम्बर २ का मातहातमा रहेका सशस्त्र प्रहरीले अवैध क्रियाकलाप गर्ने संगठनहरु सँग कुनै सहकार्य नगरी यस्तै कार्य गरिरहने बिश्वास व्यक्त गर्नुभयो ।

नेपाली नागरिकको हैसियतले सीमा सुरक्षाका साथ साथै अवैध क्रियाकलापलाई न्यूनिकरण गर्नु हामी सबैको दायीत्व रहेको कारण हामी सबै नेपाली नागरिक यसमा बिशेष ध्यान दिनुपर्ने, डिआईजी मगरले बताए ।

उनका अनुसार सीमा वारी हुने गरेको अवैध कृयाकलापलाई ध्यानमा राखी सबै किसिमको गतिविधिमा कहि कतैबाट त्रुटी देखिए तुरुन्तै स्थानीय सशस्त्र प्रहरी बल नेपाललाई खबर गरेर सहयोग गर्नु हुन अनुरोध समेत गरे । सशस्त्र प्रहरी बल नेपालको प्रमुख जिम्मेवारी सीमा सुरक्षा रहेको कारण यसमा चुक नगर्न आफ्नो मातहातका कर्मचारीलाई निर्देशन समेत दिइएको उनले बताए ।

सीमामा खटिएका सुरक्षाकर्मिहरूले गर्दा नेपाल सरकारको राजस्वमा समेत वृद्धि भएको छ । नेपाल सरकारको लक्ष्य भन्दा यस आर्थिक बर्षको एक महिना नबित्दै करीब ४ अर्ब बढी राजस्व संकलन हुन पुगेको सशस्त्र प्रहरी श्रोतले जनाएको हो । श्रोतले जनाए अनुसार यस आर्थिक बर्षको असोज महिनाको ११ गतेदेखी कार्तिक महिनाको ११ गतेसम्म कुल २० अर्ब बराबरको राजस्व संकलन भएको बताए ।


नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

पुल महाशाखा

## जानकारीमूलक सूचना

१. पुलहरुमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।



- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### १८६ केजी गाँजासहित २ जना पक्राउ

रौतहट । गौर नगरपालिका-४ गढवा टोलस्थित गौर-चपुर सडकखण्डमा रोकी राखेको ना.६ ख ५९४३ नम्बरको ट्रकबाट १ सय ८६ केजी अवैध लागूऔषध गाँजासहित २ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा ट्रक चालक मकवानपुर थाहा नगरपालिका-१२ बस्ने २५ वर्षीय सुरेन्द्र गोले र सोही ठाउँ बस्ने १९ वर्षीय रित्तम तामाङ रहेका छन् । विशेष सूचनाको अधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उक्त ट्रक जाँच गर्ने क्रममा ट्रकको चेचिसको भागमा फल्स बटम बनाई प्लाष्टिकले वेरेको १२ पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### आगलागी हुँदा ५ वटा खसी जलेर मरे

पर्सा । छिपहरमाई गाउँपालिका-५ भिष्वा बस्ने सत्रुधन तिवारीको घरमा बालेको घुरबाट आगलागी हुँदा पाँच वटा खसी जलेर मरेका छन् । शुक्रबार बिहान आगलागी हुँदा घरभित्र रहेका ५ वटा खसी जलेर मर्नुका साथै बिआर २२ बि ४६७२ नम्बरको मोटरसाइकल समेत जलेर करिब ३ लाख रुपैयाँ मूल्य बराबरको धनमाल नष्ट भएको छ । प्रहरी र स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको  छ ।

### नक्कली नोटसहित दुई जना पक्राउ

कैलाली । बर्दगोरिया गाउँपालिका-२ बौनिया गाउँबाट नक्कली नोटसहित दुई जना पक्राउ परेका छन् । १ हजार दरको ४० थान नक्कली नोटसहित २ जनालाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने ३१ वर्षीय मोतिराम चौधरी र ४१ वर्षीय हसन चौधरी रहेका छन् । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय सडकपुरबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त परिमाणको नक्कली नोट सहित फेला पारी पक्राउ गरेको हो ।

### फर्निचरमा आगलागी

रुपन्देही । तिलोत्तमा नगरपालिका-१३ मडाहास्थित एक फर्निचरमा आगलागीबाट लाखौंको धनमाल जलेर नष्ट भएको छ । एस श्री फर्निचर एण्ड फर्निसिङ प्रालिमा बिहीबार साँझ आगलागी भएको छ । आगलागीबाट भएको क्षतिको विवरण आउन बाँकी रहेको छ । प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीयबासिन्दा र दमकलको सहयोग आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

रुपन्देही । तिलोत्तमा नगरपालिका-२ जानकीनगरस्थित सडकमा रोकी राखेको लु.२ त ९७९९ नम्बरको ट्क्याटरमा लु.३३ प ७६१५ नम्बरको मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु भएको छ । आइतबार साँझ दुर्घटना हुँदा मोटरसाइकल चालक अर्घाखाँची सन्धिखर्क नगरपालिका-८ पकले बस्ने ४८ वर्षीय चन्द्र प्रसाद अर्यालको मृत्यु भएको छ ।  दुर्घटनामा गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### सुदूरपश्चिममा राप्रपाको समिति निर्माण

कैलाली । सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय प्रजातन्त्र पार्टीको २५ सदस्यीय प्रदेशसमिति चयन भएको छ । आइतबार धनगढीमा सम्पन्न प्रदेश अधिवेशनबाट धर्मराज जोशीको अध्यक्षतामा २५ सदस्यीय प्रदेश समिति सर्वसम्मत रुपमा चयन गरिएको हो । यसैगरी गणेशबहादुर चन्दको अध्यक्षतामा ७ सदस्यीय विशेष समिति पनि गठन गरिएको जनाइएको छ । विशेष समिति र २५ सदस्यीय कार्यसमितिले आपसी सहमतिका आधारमा प्रदेश कमिटिका पदाधिकारी चयन गर्नेछ ।

### दुई बालकको विषबाट मृत्यु

रौतहट । देवाही गोनाही नगरपालिका ५ टिकुलियाका सञ्जय मुखियाका दुई बालकहरुको विषका कारण मृत्यु भएको छ । सञ्जयका ५ वर्षीय छोरा आकाश र ४ वर्षीय छोरा विकासको उपचारको क्रममा मृत्यु भएको हो । रिसिवीका कारण गाउँकै स्थानीयले विष खुवाई हत्या गरेको परिवारजनको आरोप छ । प्रहरीले यस घटनालाई शंकास्पद भन्दै गम्भीर अनुसन्धान गरिरहेको जनाएको छ । ती बालकहरुलाई सुरुमा उपचारका लागि गरुडा लगिएको थियो तर स्वास्थ्यमा सुधार नआएपछि थप उपचारका लागि वीरगञ्ज लग्दै गर्दा बाटोमै ज्यान गएको प्रहरीले जनाएको छ ।

### करेन्ट लागेर किशोरको मृत्यु

कैलाली । धनगढी उपमहानरपालिका-६ जाली बस्ने १६ वर्षीय सन्तोष बुढामगरको करेन्ट लागेर मृत्यु भएको छ । आइतबार दिउँसो आफ्नै घरबाट बिद्युतको तार लगि सोही ठाउँस्थित खोलामा करेन्ट लगाई माछा मर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका भएका थिए । उनको उपचारको लागि सेती प्रादेशीक अस्पताल धनगढीतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

मोरङ । कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी विराटनगर महानगरपालिका-१५ रानीबस्ती बस्ने ३५ वर्षीया सुशीला देवी साहलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत मोरङको २०७३ असार २ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा १८ वर्ष ७ महिना २७ दिन कैद सजाय ठहर भई फरार रहेकी उनलाई  ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले सोही महानगरपालिका-१५ रानीबस्तीमा लुकीछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत मोरङ पठाइने ईलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

### मोटरसाइकलको ठक्करबाट एकको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-१८ भाटभटेनीस्थित सडकमा भे.९ प ७४६१ नम्बरको मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु भएको छ । पैदलयात्री सोही उपमहानगरपालिका-१८ बस्ने ४५ वर्षीय बिक्रम राईको शनिबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको उपचारको लागि नर्सिङ होम नेपालगंजतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।  हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### किशोरीमाथि जबरजस्ती करणी तथा लुटपाट

सिरहा । १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गर्नुका साथै नगद तथा सरसामानसमेत लुटपाट गरेको अभियोगमा एक किशोर पक्राउ परेका छन् । कल्याणपुर नगरपालिका-४ बैरिया बस्ने १८ वर्षीय किशोरलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । किशोरीले आफ्नै खेतमा एक्लै धान काटीरहेको अवस्थामा ती किशोरले जबरजस्ती करणी गर्नुका साथै १ थान मोबाइल, नगद ७ हजार ५ सय रुपैयाँ र ५ तोला बराबरको चाँदीको ब्रास्लेट १ थान समेत खोसी लगेको पीडितको आरोप छ । खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरीले किशोरलाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ ।

### बसको ठक्करबाट बालकको मृत्यु

मोरङ । पथरी शनिश्चरे नगरपालिका-२ जय चोकस्थित सडकमा बाग्मती प्रदेश-३-००१ ख २०० नम्बरको बसको ठक्करबाट एक बालकको मृत्यु भएको छ । बेलबारी नगरपालिका-४ बस्ने २६ वर्षीया भावना अचार्यको छोरा ७ वर्षीय बिवस अचार्यको मंगलबार बिहान मृत्यु भएको छ । भावनासँगै पैदल हिँडिरहेको अवस्थामा बाटो काट्नेक्रममा उक्त बसको ठक्करबाट गम्भीर घाइते भएका बालकको पथरी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

# मुस्लिम आयोग छ, हिन्दू आयोग किन छैन ?




**निलम कुमारी महतो**
**कोषाध्यक्ष**
**नेपाल विश्व हिन्दू महासंघ, प्रदेश नं. २**

**० नेपालमा हिन्दूवादी संघसंस्थाहरु च्याउभैँ उम्रिएको छ । यस्तोमा नेपाल विश्व हिन्दू महासंघ अन्य संघसंस्थाभन्दा के फरक छ ?**

– नेपालमा हिन्दूवादी संघसंस्थाहरु त धेरै खुलेका छन्, उनीहरुले काम पनि आफ्नो स्तरबाट गरिरहेका छन् । तर नेपाल विश्व हिन्दू महासंघ एउटा अन्तर्राष्ट्रिय संस्था हो । विभिन्न १२ वटा देशहरुमा यो महासंघ फैलिएको छ । हाम्रो काम गर्ने शैली अन्यभन्दा फरक छ । हामीले हिन्दूत्व जगाउनका लागि शहरकेन्द्रित मात्रै नभई गाउँ-गाउँ, टोल-टोलमा गएर आमजनताका बीचमा जनचेतना जगाइरहेका छौं । नेपाल हिन्दूराष्ट्रबाट धर्मनिरपेक्ष हुँदा हिन्दू धर्मावलम्बीहरु कसरी अल्पसंख्यक हुँदैछन्, ज्यादती लगायतका विषयमा जनतालाई बुझाइरहेका छौं । धर्मनिरपेक्ष हुँदा नेपालका अतिविपन्न र दलित समुदायहरु बढी मारमा परेका छन् । कतिपय विपन्न हिन्दू समुदायका छोराछोरीहरुलाई आफ्नो धर्म के हो, कसरी बचाउने पनि थाहा नभएको हामीले पायौं । नेपाल विश्व हिन्दू महासंघ मार्फत् हामीले गाउँ-गाउँमा गएर जनजागरण फैलाइरहेका छौं । पहाडभन्दा बढी मधेशमा हिन्दूहरुमाथि दमन भइरहेको छ ।

**० हिन्दू धर्ममाथि कसरी प्रहार भइरहेको छ ?**

– केही दिन पहिला काठमाडौंको माइतीघर मण्डलामा केही मानिसहरुले गाईको मासु खान पाउनुपर्छ भन्ने पोष्टर लिएर प्रदर्शन गरेका थिए । के हामीले गाईको मासु खान दिनुपर्छ त ? गाई हाम्रो राष्ट्रिय जनावर हो । गाईलाई हामी आमा र भगवानसरह पूजा गर्छौं । गाईको मासु खानुपर्छ भनेर प्रदर्शन गरिरहँदा हाम्रो देशको कानून, प्रशासन र सरकार कहाँ थियो ? किन तिनीहरुमाथि कारबाही भएन ? हामीले गाईलाई आमा मानेका छौं, त्यसलाई काटेर खानुपर्छ भन्नु हाम्रो आस्थामाथि प्रहार होइन र । तिनीहरु राष्ट्रघाती काम गरेका छन् । यसमा हाम्रो सरकार, प्रशासन र कानून किन मौन छ, यो ठूलो रहस्यको कुरा हो ।

**० भनेपछि नेपाल धर्मनिरपेक्ष हुँदा हिन्दू धर्मावलम्बीको आस्थामाथि आक्रमण हुन थालेको छ ?**

– निश्चितरुपमा नेपाल धर्मनिरपेक्ष हुँदा हिन्दू धर्मावलम्बीहरुमाथि दिनप्रति दिन विभिन्न प्रकारले प्रहार हुँदै आएको छ । नेपालमा ८० प्रतिशतभन्दा बढी हिन्दू छन्, झण्डै ९६ प्रतिशत ओमकार परिवारसहित छन् । हामी बहुसंख्यक हुँदा पनि हामीमाथि दमन भइरहेको छ । अस्ति भर्खरकै घटना हेर्नुस्, धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रुपैठामा हिन्दूहरु छठ पर्व मनाउने क्रममा मुस्लिम समुदायका केही व्यक्तिहरु अराजकता फैलाउन खोजे । त्यहाँ सार्वजनिक स्थलमा सबै धर्म समुदायका व्यक्तिले आआफ्नो पर्व मनाउने गरेका छन् । त्यसमा कुनै रोकटोक हुँदैन । तर हिन्दूहरुले छठ पर्व मनाउन खोज्दा त्यो ठाउँमा इस्लामिक झण्डा झुण्ड्याइयो । यो कतिको जायज हो त ?

**० नेपालमा अहिले धार्मिक द्वन्द्वात्मक अवस्था सिर्जना हुन थालेको हो ?**

– धर्ममाथि हाम्रो आस्था छ र हाम्रो आस्थामाथि कसैले खेलवाड गर्न दिनु हुँदैन । हाम्रो आस्थामाथिको आक्रमण असह्य हुन्छ । हाम्रो धर्म संस्कृतिसँग खेल्नेलाई हामीले कदापि क्षमा गर्ने छैनौं । सत्य सनातन हिन्दू धर्मले आजसम्म कुनै पनि अन्य धर्मावलम्बीहरु मुस्लिम, क्रिष्चियन, बौद्ध लगायतको विरोध गरेको छैन । तर हाम्रो हिन्दू धर्ममाथि प्रहार हुनुको एउटै कारण हो फोहोरी राजनीतिक खेल । केही यहाँ षड्यन्त्रकारी राजनीतिक पात्रहरु छन् जसले गर्दा बेला-बेलामा हिन्दूले मारमा परिरहेका छन् ।

**० यसमा अन्तर्राष्ट्रिय शक्तिहरुको पनि चासो छ त ?**

– विश्वभरिमै एउटै हिन्दू राष्ट्र नेपाल थियो । यो भनेको हाम्रो गौरव र हाम्रो पहिचान थियो । त्यो पहिचान अहिले हामीले गुमाएका छौं । राजनीतिक पार्टीका केही नेताहरु आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि हामीसँग हाम्रो गौरव र पहिचान खोसेका छन् । ती पात्रहरुले हाम्रो धर्म, संस्कृतिसँग खेल्ने प्रयास गरेका छन् । यसमा अन्तर्राष्ट्रिय दमनकारीहरुको नै हात रहेको छ । होइन भने रातारात बिना कुनै कारण विश्वको एक मात्र हिन्दू राष्ट्र नेपाललाई धर्मनिरपेक्ष किन बनाइयो ? गैरहिन्दू राष्ट्रहरुको चाहनामा हाम्रा नेताहरु लोभमा परेर जबरजस्ती धर्मनिरपेक्षता लादियो । अस्ति भर्खरै हामीले मधेशी आयोगमा विदेशी षड्यन्त्रकारीहरुलाई हेऱ्यौं । तिनीहरुले सहकार्य गरेर जाने भनेर गरेको कुरा हामीसँग रेकर्ड छ । हामीले उनीहरुसँग किन सहकार्य गर्ने ? त्यस्तै, मुस्लिम आयोगमा पनि षड्यन्त्रकारीहरु किन आउँछन् ? अल्पसंख्यक मुस्लिमहरुलाई हिंसा र अशान्ति मचाउनका लागि तिनीहरु नेपालको संवैधानिक अंगहरुमा पसिरहेका छन् । हामीले हिन्दू-मुस्लिम भाई-भाई, भाइचारको सम्बन्ध राखेका छौं । तर मुस्लिमहरु हामीमाथि निरन्तर दमन गरिरहेका छन् । प्रदेश २ को सरकारको नेतृत्व गर्ने मुख्यमन्त्री मो. लालबाबु राउत गद्दीले नै सामुदायिक भेदभाव गरिरहनुभएको छ । मुख्यमन्त्रीले आफ्नो बजेटमा हिन्दूका मठमन्दिरका लागि तीन करोड बजेट छुट्याउनुभएको छ भने मुस्लिम समुदायका लागि १८ करोड किन छुट्याएको छ त ? किन मदरसा विधेयक ल्याएको छ ? नेपालमा मुस्लिम आयोग छ, हिन्दू आयोग किन छैन ? त्यसैले हिन्दूमाथि ठूलो षड्यन्त्र भइरहेको छ । अब हामी दमन सहन सक्दैनौं । हामी षड्यन्त्रकारीहरुको प्रयासलाई सफल हुन दिँदैनौं । नेपाललाई पुनः हिन्दू राष्ट्र घोषणाका लागि अब सडकमा विद्रोहको तयारी गरिरहेका छौं ।

**० नेपाल विश्व हिन्दू महासंघको मूल एजेण्डा नेपाल पुनः हिन्दू राष्ट्र कायम हुनुपर्ने नै हो ?**

– नेपाल विश्व हिन्दू महासंघको मात्रै होइन, प्रत्येक हिन्दूको चाहना हो नेपाल हिन्दू राष्ट्र हुनुपर्छ । जनमत संग्रह गराइयो भने त्यसबाट पनि थाहा हुन्छ कि नेपालीहरु के चाहन्छन् । यदि हिन्दू राष्ट्रका लागि जनमत संग्रह भयो भने ८० प्रतिशतभन्दा बढी नेपालीले नेपाल पुनः हिन्दू राष्ट्रको पक्षमा मत दिनेछन् ।

**० अहिले राष्ट्रिय जनगणना पनि भइरहेको छ, यसले कस्तो तथ्यांक ल्याउँछ त ?**

– यो जनगणनामा पनि धेरै ठूलो षड्यन्त्र भइरहेको छ । अहिले जनगणनामा खटिएका गणकहरुलाई हेर्ने हो भने जसलाई जनगणना के हो, कसरी तथ्यांक संकलन गर्नुपर्छ लगायत आधारभूत कुराहरु नै थाहा छैन । एउटा ज्वलन्त उदाहरणका लागि हेरौं, सामाजिक सञ्जालमा एउटा भिडियो हेरेको थिएँ कि जनगणना गर्न आउने गणकलाई एउटी महिलाले भनिरहेकी थिइन् कि मेरो भाषा संस्कृत हो, तर पनि गणकले नेपाली लेखेका छन् । यसको प्रमाण पनि छ मसँग । यो षड्यन्त्र भइरहेको छ । एउटा ठूलो षड्यन्त्रका रुपमा हेरौं कि नेपाल सरकारले भनिसकेको छ कि यो जनगणनामा निलो रंगको कलमले जनगणना गर्ने । तर गाउँ-गाउँमा गणकहरुले शिशा कलमले लेखिरहेका छन् । किन ? यसमा ठूलो षड्यन्त्र भइरहेको छ । गाउँ-गाउँमा गएर शिशा कलमले लेख्ने र त्यसलाई पछि मेटाएर आफ्नो तरिकाले लेख्ने षड्यान्त्रको हो । यो हिन्दू धर्ममाथि धेरै ठूलो प्रभाव पार्ने षड्यन्त्र हो ।

**० प्रायः हिन्दूवादी संघसंस्थाहरुले राज संस्थासहित हिन्दू राष्ट्र भनिरहेका छन्, नेपाल विश्व हिन्दू महासंघको एजेण्डामा राजसंस्था छ कि छैन ?**

– राजा आए पनि स्वीकार्छौं र अन्य व्यवस्था भएपनि स्वीकार्छौं । तर नेपाल हिन्दू राष्ट्र हुनुपर्छ । व्यवस्था जेसुकै होस्, शासन जसले गरोस् तर हाम्रो मूल एजेन्डा नेपाल हिन्दू राष्ट्र हुनुपऱ्यो । त्योबाहेक हाम्रो अन्य कुनै एजेण्डा छैन । अहिले नेपालका राजनीतिक दलहरुले पनि हिन्दूराष्ट्रलाई उठाइरहेका छन् । यसको पछाडि पनि ती राजनीतिक दलका नेताहरुको स्वार्थ लुकेको देखिन्छ । अहिले विभिन्न चुनावहरु नजिकिँदै गएको छ । चुनावलाई मध्यनजर गरेर नै ती नेताहरुले हिन्दूराष्ट्रको एजेन्डा बोकिरहेका छन् । किनभने नेपालमा ८० प्रतिशतभन्दा हिन्दूहरु छन् । हिन्दूहरुको मतबिना कुनै पनि नेताले जित्न सक्दैन । त्यसैले यो चुनावी रणनीति मात्रै हो, उनीहरु सत्तामा आउनका लागि यो कुरा उठाइरहेका छन् ।

**० राजसंस्था हुँदासम्म नेपाल हिन्दू राष्ट्र थियो, राजसंस्था गइसकेपछि नेताहरु धर्मनिरपेक्ष बनाए । त्यसैले नेपाल पुनः हिन्दूराष्ट्र हुनका लागि राजा नै चाहिन्छ भन्नेहरु पनि छन् ?**

– राजा नै चाहिन्छ भन्ने हाम्रो एजेण्डा होइन । यहाँ धेरै राजावादीहरु छन्, उनीहरु पुनः राजसंस्था होस् भन्ने चाहिरहेका छन् । त्यसैले यो मुद्दा उठाइरहेका होलान् । हामीलाई शासन व्यवस्था वा कसको सत्ता भन्ने कुरासँग मतलब छैन । हाम्रो पहिचान कायम गर्न जसले हिन्दू राष्ट्र कायम गराउँछ त्यसलाई हामी स्वागत गर्न तयार छौं ।

## विपद्पीडितहरुलाई टेन्ट तथा म्याट्रेस प्रदान



काठमाडौं । बाराका विपद्पीडितहरुलाई नेपाल-भारत महिलामैत्री समाजले टेन्ट, त्रिपाल र म्याट्रेस वितरण गरेको छ । भारत सरकारको सहयोग एवं मैत्री समाज काठमाडौंको समन्वयमा बारा जिल्लाको प्रसौनी गाउँपालिका, पचरौता र गढीमाई नगरपालिकाका विपद्पीडितहरुका लागि टेन्ट, त्रिपाल र म्याट्रेसहरु प्रदान गरिएको छ । समाजकी अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य चन्दा चौधरीले ७० टेन्ट, २०० म्याट्रेस तथा अन्य राहत सामग्रीहरु बारा जिल्लाको जिल्ला समन्वय समितिको सभाहलमा आयोजित एक कार्यक्रमका बीच उक्त तीन पालिकामा रहेका विपद् पीडित परिवारलाई वितरण गरेकी हुन् ।

जिसस बाराका सभापतिको अध्यक्षतामा भएको एक कार्यक्रमका बीच समाजकी अध्यक्ष चौधरीले उक्त टेन्ट सम्बन्धित स्थानीय तहका विपद्पीडित परिवारलाई हस्तान्तरण गरेकी छन् । सो कार्यक्रमका विशिष्ट अतिथि तथा बारा जिल्लाका प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा उक्त राहत सामग्री हस्तान्तरण गरिएको हो । उक्त कार्यक्रममा जिसस सभापतिले यी राहतमा आएका त्रिपाल तथा टेन्टले यो तीन स्थानीय तहका अति विपन्न तथा विपद्पीडित परिवारलाइ ठूलो राहत हुने बताए ।

समाजकी अध्यक्ष तथा सांसद चौधरीले नेपालका धेरै जिल्लामा राहत तथा सेवाको काम गरेको र प्रदेश २ मा पनि उनले गरेको कामको जनस्तरबाटै प्रशंसा हुने गरेको उनले उल्लेख गरे ।

उक्त कार्यक्रममा भारतीय दूतावासबाट प्रतिनिधिका साथै सम्बन्धित गाउँपालिका/नगरपालिका का प्रतिनिधि, बारा जिल्लाका राजनीतिक दलका प्रतिनिधि, पत्रकारहरुका साथै अन्य विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो ।


**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भविष्यमा भारत विश्वव्यापी लगानीको केन्द्र बन्छ : पियुस गोयल

काठमाडौं । हालैको सीआईआई-अर्नस्ट र यंग लेखलाई उल्लेख गर्दै भारतको केन्द्रीय वाणिज्य र उद्योगमन्त्री पियुष गोयलले मंगलबार भविष्यमा भारत विश्वव्यापी लगानीको केन्द्र बन्ने बताएका छन् ।

उनले भने, "हामीसँग सन् २०२५ सम्म मा १ सय २० देखि १ सय ६० अर्ब अमेरिकी डलर बराबरको वार्षिक एफडीआई आकर्षित गर्ने क्षमता छ । पछिल्ला सात वर्ष हामीले अप्रत्यासित एफडीआई प्रवाह देख्यौं ।'

एमएनसी विषयमा सिआईआई राष्ट्रिय सम्मेलन २०२१ को दोस्रो संस्करणलाई वस्तुतः ढाँचामा सम्बोधन गर्दै, उनले विश्वव्यापी सोच विचार परिवर्तन भएको उल्लेख गरे । आज विश्व पहिले जस्तो किन भारत मा भन्दा आज 'हामी भारतमा हुनुपर्छ!' भन्ने मान्यता लिएको उनले बताए ।

उनले भने, "अन्य देशभन्दा यहाँ बढी सम्भावना छन् । सन् २०२१ अक्टोबर महिनामा गत वर्षको सोही महिनाको तुलनामा रोजगारीमा ४३% वृद्धि भएको छ । हाम्रो उत्पादन पीएमआई (उच्च छ) र सेवा पीएमआई एक दशककै उच्च




अंकमा पुगेको छ ।"

मन्त्रीले सरकारले लगानीको वातावरण सुधारका लागि विभिन्न नीतिगत तथा व्यवसायिक सुधार ल्याएको बताए ।

उनले थप भने, "टाटा समूहले सफलतापूर्वक एयर इन्डियाको निजीकरणका लागि बोली लगाएको उदाहरण छ । हामीले धेरै वर्षदेखि लगानीको वातावरणको हिसाबले हामीलाई महँगो परेको अत्यन्तै दुर्भाग्यपूर्ण पूर्ववर्ती कर हटाएका छौं । हामी ले खनिज उत्खनन् मा सुधार गरेका छौं, कोइला क्षेत्रमा पनि उचित कदम उठाएका छौं । ऊर्जा क्षेत्रमा पनि सकरात्मक आशा लिएका छौं । भारतमा नवीकरणीय ऊर्जाको ठूलो वृद्धि भएको छ । यी सबै कुराहरूले हामीलाई उज्ज्वल भविष्य खोज्न प्रोत्साहित गरेको छ ।"

उनले राष्ट्रिय एकल विन्डो प्रणाली ( एनएसडब्लुएस) लाई पनि उल्लेख गरेका छन् । यसले लगानीकर्ताहरूलाई आवश्यक पर्ने स्वीकृति र सहायता का लागि एक केन्द्रको रूपमा सेवा दिन सुरु गरेको छ ।

"यस पोर्टलले १८ वटा केन्द्रीय विभाग र ९ वटा राज्यहरूमा अनुमोदनहरू प्रदान गरेको छ । साथै थप १४ वटा केन्द्रीय विभाग र ५ वटा राज्यहरू डिसेम्बरसम्म थपिनेछन् ।" गोयलका अनुसार भारतमा बहुराष्ट्रिय निगमहरू का लागि सबै सही सामग्रीहरू छन् र यसले यी निगमलाई विश्वव्यापी स्तरमा थप प्रतिस्पर्धी बन्न मद्दत गर्न सक्छ । "विविध व्यवसाय परिदृश्य, कानूनको शासन र पारदर्शी प्रणाली, दक्ष जनशक्ति र कम श्रम लागत, कुनै बाध्यकारी प्रविधि हस्तान्तरण छैन," भारतीय बजारलाई विश्वमा लैजान र भारतीय संस्कृति, गुणस्तर र मूल्यमान्यताको दूत हुन प्रोत्साहित गर्दै गोयलले यी निगमलाई भारतको विकासको अभिन्न अंग भएको र तिनीहरूको योगदान ठूलो रहेको बताए ।

उनले सरकार र उद्योगबीचको साझेदारीलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका छन् । उनले भने, "यस साझेदारी ले हामीलाई विचार दिन्छ, नव उपाय दिन्छ। यसले हामीलाई के गर्न आवश्यक छ भनेर बुझ्ने अवसर दिन्छ र, मलाई लाग्छ, यो साझेदारीलाई अझ सुदृढ गर्न आवश्यक छ ।"

*-इण्डिया न्यूज नेटवर्क*

# भारतमा पहिलोपटक एक मात्रा खोप लगाएकाभन्दा पूर्ण खोप लगाएकाको संख्या बढी

केन्द्रीय स्वास्थ्यमन्त्री मनसुख मण्डवीयले बुधबार जानकारी दिए अनुसार राष्ट्रव्यापी कोभिड-१९ खोप अभियानको महत्वपूर्ण उपलब्धि स्वरुप पहिलो पटक भारतमा एक मात्रा खोप लगाएका भन्दा पूर्ण खोप लगाएका को संख्या बढी रहेको छ।

उनले भने, " पहिलो पटक भारतमा एक मात्रा खोप लगाएका भन्दा पूर्ण खोप लगाएका को संख्या बढी रहेको छ।"

यो उपलब्धि माननीय प्रधानमन्त्रीको 'जन-भागिदारी' दृष्टिकोण र 'सरकारको समग्र दृष्टिकोण', सरकारप्रति जनताको विश्वास र 'हर घर दस्तक' अभियान को कारण हासिल भएको हो।"

बुधबार बिहान ७ बजेको अस्थायी प्रतिवेदन अनुसार पछिल्लो २४ घण्टामा ६७ लाख ८२ हजार ४२ खोप खुराक प्रदान गरिएको छ। यसका साथै हालसम्म देशमा ११३.६८ करोड खोप प्रदान गरिएको छ।

यी खोप १ करोड १६ लाख ७३ हजार ४ सय ५९ सत्र मार्फत प्रदान गरिएको हो।

जसमध्ये ७५ करोड ५७ लाख २४ हजार ८१ जनालाई प्रथम खुराक र ३८ करोड ११ लाख ५५ हजार ६ सय ४



जनालाई दोस्रो खुराक दिइएको छ। यसरी पहिलो खुराक लिएका व्यक्ति भन्दा पूर्ण खोप लगाएका व्यक्ति को संख्या ३८ करोड ११ लाख ५५ हजार ६ सय ४ ले बढी छ।रु

केन्द्रीय स्वास्थ्य मन्त्रीले देशको सामूहिक भावनाको कदर गरेका छन् र यस उपलब्धि का लागि देशलाई बधाइ दिएका छन्।

ट्विट गर्दै उनले सबै योग्य नागरिकलाई खोप लगाउन अपिल गरेका छन् ।

"हामीले कोभिड-१९ विरुद्धको लडाई सँगै जित्नेछौं," मण्डावियाले भने।

केन्द्रीय स्वास्थ्यमन्त्रीले एक महिनासम्म चलेको 'हर घर दस्तक' अभियानको अन्त्यसम्ममा प्रत्येक भारतीयलाई खोप लगाउने विश्वास व्यक्त गरेका छन्।

खोप मार्फत प्रत्येक नागरिकलाई कोविड १९ बाट जोगाउने भारत सरकारको दृढ राजनीतिक प्रतिबद्धता का कारण जनवरी महिनाको १६ तारिख देखि राष्ट्रव्यापी खोप अभियान को सुरुवात भएको थियो।

मण्डवियाले भने, " सन् २०२१ को अक्टोबर महिना को २१ तारिख का दिन देशमा १ सय करोड लाई खोप प्रदान गरियो। त्यसपछि, प्रधानमन्त्री श्री नरेन्द्र मोदी जीले एक स्पष्ट आह्वान गर्नुभयो र नोभेम्बर महिनाको ३ तारिख देखि 'हर घर दस्तक' अभियानको शुभारम्भ गर्नुभयो। प्रत्येक घर मा पुगी हरेक नागरिकलाई खोप लगाउने यस अभियानले ठूलो सफलता हासिल गरेको छ।"

एक महिना लामो 'हर घर दस्तक' खोप अभियानको उद्देश्य सबै वयस्क जनसंख्यालाई कोभिड खोप को पहिलो खुराक भएपनि प्रदान गर्नु हो। र बाँकी रहेकालाई दोस्रो खुराक लिन उत्प्रेरित गर्नु हो।

स्वास्थ्यकर्मीहरूले योग्य जनसंख्याको ५० प्रतिशतभन्दा कम ले खोप लिएका जिल्ला मा विशेष ध्यान केन्द्रित गरी भारतभरका योग्य व्यक्तिहरूको घर-घरमा खोप कार्यक्रम सञ्चालन गरिरहेका छन्।

केन्द्रीय स्वास्थ्य मन्त्रीले पनि देशमा खोपको अभाव नभएको आश्वासन दिएका छन्।

उनले आमजनतालाई दोस्रो खुराक लिन आउन र आफ्नो परिवार र समुदायका मानिसहरूलाई दुवै खुराक लिन उत्प्रेरित गर्न आग्रह गरेका छन्।

*-इण्डिया न्यूज नेटवर्क*

## बाबा रामदेवले नेपालमा टेलिभिजन खोल्ने

काठमाडौं । भारतीय योग गुरु बाबा रामदेवले नेपालमा टेलिभिजन खोल्ने तयारी गरेका छन् । रामदेवको पतञ्जली योगपीठ नेपालले पतञ्जली नेपाल टिभी र आस्था नेपाल टिभी सेटेलाइटबाट प्रशारण गर्नेगरी टेलिभिजन खोल्न लागेको हो ।

नेपालीलाई योगसहित आयुर्वेद शिक्षाको ज्ञान संचार गर्दै नेपालको सामाजिक सांस्कृतिक, आध्यात्मिक, धार्मिक सहिष्णुतालाई दिगो र प्रगाढ बनाउन टिभी सञ्चालन गर्न लागेको पतञ्जली योगपीठ नेपालले जनाएको छ ।

यस्तै योगपीठले स्वदेशी समृद्धि कार्डको प्रारम्भ पनि गर्ने भएको छ । कार्डसहित टेलिभिजनको उद्घाटन शुक्रबार पतञ्जलीको कार्यालय बालुवाटारमा गरिनेछ । प्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख आतिथ्यतामा टेलिभिजनको उद्घाटन हुनेछ भने सो क्रममा स्वामी रामदेवसहित, आचार्य बालकृष्ण, भारतीय मन्त्री नितिन गडकरीको पनि सहभागिता रहनेछ ।

राष्ट्रिय जनगणना २०७८ मा सहभागी हुन आमसमुदायमा केन्द्रीय तथ्याङ्क विभागको अनुरोध !!

प्रत्येक दश वर्षमा गरिँदै आएको बाह्रौं राष्ट्रिय जनगणना २०७८ तपसिलको समयमा भइरहेकोले सबै महानुभावहरूलाई यसमा सहभागी भई सहयोग गर्न केन्द्रीय तथ्याङ्क विभाग हार्दिक अनुरोध गर्दछ ।

- पहिलो चरण: २०७८ सालभाद्र ३० गतेदेखि आश्विन १८ सम्म घर तथा घरपरिवार सूचीकरण कार्य (सुपरिवेक्षक मार्फत संकलन गरिने)
- दोस्रो चरण: २०७८ साल कार्तिक २५ गतेदेखि २०७८ मंसिर ९ गतेसम्म मुख्यगणना (गणक मार्फत संकलन गरिने)

जनगणनाका दुवै चरणमा अनिवार्य सहभागी भई आफ्नो र परिवारको विवरण टिपाऔं र गणनामा कोही नछुटौं, कोही नदोहोरिऔं ।

- गणनाबाट प्राप्त व्यक्ति पहिचान हुने विवरणहरु गोप्य राखिने भएकोले सबै सत्य तथ्य विवरण मात्र उपलब्ध गराऔं ।
- आफ्नो घर परिसरमा अन्य परिवार (भाडावाला समेत) पनि बस्दछन् भने सबैको विवरण लिन सहयोग गरौं ।
- आफ्नो, छिमेकी, टोलवासी, साथीभाइ, नातागोता तथा चिनेजानेका सबैलाई जनगणनामा सहभागी भई विवरण दिन आह्वान गरौं ।

मेरो गणना, मेरो सहभागिता

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग




## जिल्ला समाचार

### जनमतका कार्यकर्ताहरू धरौतीमा रिहा

जनकपुरधाम । कर्मचारीलाई दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका जनमत पार्टीका १७ जना नेता कार्यकर्ताहरु धरौटीमा रिहा भएका छन् । उनीहरुलाई जनमतका अध्यक्ष डा.सीके राउतले अबिर र माला लगाएर स्वागत गरेका हुन् । खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरका निमित्त प्रमुख राजेश्वर कुशवाहालाई अर्धनग्न पारी बजार घुमाएपछि पक्राउ जनमत नेता कार्यकर्ताहरुलाई पक्राउ गरिएको थियो । पक्राउ परेका १७ जनामध्ये सात जना एक लाख र १० जना ५० हजार धरौटीमा रिहा भएको धनुषा प्रहरीले जनाएको छ । प्रहरीले १७ जनालाई नियन्त्रणमा लिई अपराधिक अभद्र र अमानवीय व्यवहार मुद्दा चलाएको थियो । पार्टीका केन्द्रीय सदस्य वीरेन्द्र महतो, धनुषा अध्यक्ष ओमविक्रम कुशवाहा, सर्लाहीका सदस्य दुर्योधन यादव, प्रेमकिशोर यादव, विद्यार्थी जनमत संघका अध्यक्ष विजय यादवसहित १७ जनाविरुद्ध प्रहरीले मुद्दा चलाएको थियो ।

### ६ वडामा कांग्रेस अधिवेशन स्थगित

जनकपुरधाम । आन्तरिक विवादका कारण नेपाली कांग्रेसका धनुषामा ६ वटा वडामा अधिवेशन स्थगित भएको छ । पार्टी उपसभापति विमलेन्द्र निधि र महासमिति सदस्य एवं प्रदेश संसदीय दलका नेता रामसरोज यादव खेमाबीचको आन्तरिक विवादका कारण जिल्लाको उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकासहितका ६ वटा वडामा निर्वाचन स्थगित रहेको जनाइएको छ । जिल्ला निर्वाचन अधिकृत अरूण ज्ञवालीका अनुसार जिल्लाको १ सय ६९ वडामध्ये १ सय ६३ वटा वडामा निर्वाचन सम्पन्न भइसकेको छ भने ६ वटामा विवादका कारण स्थगित अवस्थामा छ । जनकपुरधाम उपमहानगरपालिका र शहिदनगर नगरपालिकाको एक/ एकवटा वडा, सबैला नगरपालिका र मुखियापट्टी गाउँपालिकाको दुई/दुई वटामा निर्वाचन स्थगित रहेको उनले जानकारी दिएका छन् । उपमहानगरपालिकाको वडा नं. २३ मा निर्वाचन सम्पन्न भएपनि विवाद उत्पन्न भएपछि निर्वाचन स्थगित गर्नुपर्ने अवस्थामा पुगेको ज्ञवालीले बताए । जनकपुरधाम उपमहानगरपालिका २३ मा निधि पक्षका राघवेन्द्र साहले निर्वाचन जिति सके पनि मन्त्री यादवकै हस्तक्षेपका कारण विवादको श्रृजना भएको छ । प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री समेत रहेका रामसरोज यादव सभापति देउवा खेमाका हुन । सो खेमाबाट प्रदेश अध्यक्षका दावेदार समेत हुन । मन्त्री यादवले प्रदेश अध्यक्षको तयारीका लागि आफ्नो मान्छेलाई जबरदस्ती नेतृत्व दिने प्रयास गर्दा उपमहानगरपालिका सहित विभिन्न पालिकाका कयौं वडाहरुमा अधिवेशन प्रभावित भएको आरोप साहले लगाएका छन् । वडा नम्बर २३मा भएको मतदानमा कुल १ सय १९ सदस्यमध्ये ६५ मत राघवेन्द्र साहको पक्षमा परेको थियो । उता मुखयिपट्टी मुसहरनिया गाउँपालिकामा मन्त्री यादवले त्यहाँका काँग्रेसी पुराना नेता कार्यकर्तालाई तह लगाउने व्यवहार प्रदर्शन गरेको आरोप कांग्रेसी कार्यकर्ताहरुको छ ।

### कटुवा पेस्तोलसहित युवक पक्राउ

रुपन्देही । तिलोत्तमा नगरपालिका-१४ दुर्गानगरबाट १ थान कटुवा पेस्तोलसहित एक युवक पक्राउ परेका छन् । सोही नगरपालिका बिन्दुनगर बस्ने २८ वर्षीय सन्दिप थापालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा पेस्तोल लिएर हिँडिरहेको भन्ने सूचना प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय भैरहवा र प्रहरी चौकी चिल्हियाबाट खटिएको प्रहरीले उनलाई उक्त हतियार सहित फेला पारी पक्राउ गरेको हो ।

### ब्राउनसुगरसहित तीन जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१० ट्राफिक चोकबाट ब्राउनसुगरसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । २ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सुर्खेत गुर्वाकोट नगरपालिका-७ मेहलकुना बस्ने १९ वर्षीय अविशेख नेपाली लगायत ३ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । उक्त चोकमा खटिएको प्रहरीले उनीहरुलाई जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### कारागारमा झुण्डिएको अवस्थामा भेटिए कैदी

रौतहट । गौरस्थित जिल्लाको कारागारको शौचालनमा झुण्डिएको अवस्थामा एक कैदीको शव फेला परेको छ । देवाही गोनाही नगरपालिका-७ का लडाइ साह शौचालयमा झुण्डिएको अवस्थामा फेला परेको जनाइएको छ । शौचालय भित्र तौलियाले पासो लगाएको अवस्थामा फेला परेको अस्पताल प्रशासनले जनाएको छ । २०७६ वैशाख ४ मा कारागार चलान भएका साहलाई जिल्ला अदालत रौतहटले अपहरण, शरीर बन्धक तथा जबर्जस्ती करणी मुद्दामा २१ वर्ष कैद तथा ३० हजार रुपैयाँ जरिवाना सजाय सुनाएको थियो । कैदी मृत्युको घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

### भारतमा चोरीगरी नेपालमा लुकिछिपी बसेका दुई जना पक्राउ

कञ्चनपुर । भारतबाट नगद तथा अन्य सामान चोरीगरी नेपालमा लुकिछिपी बसेका दुई जनालाई सशस्त्र प्रहरीले कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका १ फटैयाबाट पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने ३८ वर्षिय लालचन्द्र शाही ठकुरी र कैलाली जिल्लाको लम्किचुहा नगरपालिका १ बस्ने ३८ वर्षिय विष्णु शाही छन् । उनीहरुले भारतको बैङ्गलोरमा काम गर्ने गरेको घरबाट नगद तथा अन्य सामानहरु चोरीगरी यही कार्तिक २५ गते नेपाल आएर लुकिपछि बसेको भन्ने विशेष सुचना पाएसँगै उनीहरुको खोजीकार्यको लागि सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट पुनर्वास र सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट आँपतालबाट खटिएको सशस्त्र प्रहरीले लालचन्द्र शाही ठकुरीको घरमा उनीहरु दुवै जनालाई पक्राउ गरेको हो । त्यसवेला उनीहरुको साथबाट भारतीय रुपैयाँ ४३ हजार ९ सय, हङकङ डलर ४०, थाईल्याण्ड भाट १ हजार २ सय ६०, यूएस डलर १ हजार ५, क्यानडियन डलर २ हजार ८ सय १०, मलेसियन रिङ्गिट २३, सिङ्गापुर डलर १८, कतारी रियाल १, दुबई दिराम १ सय ३०, चाईनीज युवान १ सय ६१, ल्यापटप ४ वटा, सुन जस्तो देखिने पहेला धातु पत्थर नभएको ३७ तोला ११ आना, पहेलो धातु पत्थर नभएको १ सय २६ तोला २ आना तथा पत्थर १ किलो ९ सय ९८ ग्राम फेला पारिएको हो । सशस्त्र प्रहरीले पक्राउ परेका दुवैजनालाई बरामद नगद तथा सामानसहित आवश्यक कारवाहीको लागि ईलाका प्रहरी कार्यालय त्रिभुवन बस्तीमा बुझाएको छ ।

### जनकपुरको विकासका लागिमोदीले घोषणा गरेको एक सय करोड छिट्टै उपलब्ध हुने

**जनकपुरधाम ।** भारतीय जनता पार्टीका प्रवक्ता विजय सोन्कर शास्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधाम क्षेत्रको विकासका लागि घोषणा गरेको एक सय करोड छिट्टै उपलब्ध हुने बताएका छन् । धार्मिक भ्रमणका क्रममा जनकपुरधाममा सञ्चारकर्मीसँगको संक्षिप्त कुराकानीमा नेपाल र भारतको सम्बन्ध पौराणिक र ऐतिहासिक रहेको चर्चा गर्दै प्रधानमन्त्री मोदीले घोषणा गरेको रकम चाँडै नै भारत सरकारले उपलब्ध गराउने जनाए । प्रवक्ता शास्त्रीले भारतको रामायण सर्किट रेल्वे योजनामा जनकपुरधाम पनि रहेको उल्लेख गरे । पूजाअर्चनाका लागि जानकी मन्दिर पुगेका शास्त्रीलाई मन्दिरका महन्थ रामतपेश्वर दासले गाई तस्करी रोक्न सुझाव दिएका थिए ।

### सयौं नेता कार्यकर्ता जसपामा प्रवेश

सप्तरी । सप्तरीको कंचनरूप न.पा. -०५ पिपरापुर्वमा नेपाली कांग्रेस र नेकपा एमालेका सयौं नेता कार्यकर्ता जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् । प्रदेश नं. २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले नवप्रवेशीहरूलाई माला र अविर लगाई स्वागत गरेका छन् । पार्टी प्रवेश गर्नेहरूमा नेपाली कांग्रेसबाट राम मुखिया, उर्मिला देवी साह, रा.प्र.पा. बाट सरिता ठाकुर, माओवादी केन्द्रबाट टिकेश्वर सरदार, विवि फतमा र योगेन्द्र पंडित लगायत सयौंको संख्यामा पार्टी प्रवेश गरेका थिए । कार्यक्रममा जसपा केन्द्रीय सदस्य कल्पना चौधरी, जसपा नेता विकास तिवारी, जसपा कंचनरूप सचिव चितरन्जन यादव, नगर उपाध्यक्ष कल्पना चौधरी लगायतका उपस्थिति रहेको थियो ।

# पुनर्निर्माणसम्बन्धी समापन समारोह तथा परियोजनाबाट सिकेका अनुभवबारे कार्यशाला




काठमाडौं । गोरखा र नुवाकोट जिल्लामा भारत सरकारको आर्थिक सहयोगमा ५०,००० घरको पुनर्निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको उपलक्ष्यमा भारतीय राजदूतावासले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, युएनडिपी र युएनओपिएससँग सहकार्य गर्दै काठमाडौंमा एक कार्यक्रमको आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्यसी. खम्पा, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, गोरखाको पालुङटार नगरपालिकाका मेयर, नुवाकोटको विदुर नगरपालिकाका उपमेयर, एनडिआरआरएमएका प्रतिनिधि, नेपाल सरकारका विविध निकायहरु, युएनडिपी, युएनओपिएस, ईयु, युएसएआइडि, वर्ल्ड बैंक, एडिबि, जाइका, एफएनसिडिओ तथा सम्बन्धित नगरपालिका/गाउँपालिकाको उपस्थिति थियो ।

कार्यक्रममा खम्पाले भारत सरकारले प्रतिबद्धता जनाएअनुरुप यी ५०,००० निजी घरहरुको पुनर्निर्माण कार्य नेपाल सरकारले अपनाएको घरधनी लक्षित पुनर्निर्माण पद्धतिअनुसार सम्पन्न भएको जानकारी गराइन् ।

गोरखा र नुवाकोट जिल्लाका चार नगरपालिका र चौध गाउँपालिकाका भूकम्प प्रभावित लाभग्राहीलाई सामाजिक-प्राविधिक सहजीकरण तथा परामर्श सेवा उपलब्ध गराउन हेतु सन् २०१८ मार्चमा भारत सरकारले युएनडिपी र युएनओपिएसलाई यस परियोजनामा संलग्न गराएको थियो ।

१०० मिलियन अमेरिकी डलर अनुदान र चौथो लाइन अफ क्रेडिटअन्तर्गतको ५० मिलियन अमेरिकी डलरसहित ५०,००० घरको पुनर्निर्माणका लागि आर्थिक र प्राविधिक सहयोग प्रदान गर्न आवास क्षेत्रमा भूकम्पपछिको सहायता प्याकेजको रुपमा भारत सरकारले १५० मिलियन अमेरिकी डलरको प्रतिबद्धता जनाएको थियो ।

सोही कार्यक्रममा परियोजनाबाट सिकेका पाठ/अनुभव र आगामी दिनबारे एक कार्यशालाको आयोजना गरिएको थियो ।

निजी आवास पुनर्निर्माण परियोजनालाई प्रभावकारी ढङ्गले सफलतापूर्वक सम्पन्न गर्न स्थानीय सरकार र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका निकायहरूले खेलेको निर्णायक भूमिकालाई कदर गर्न हेतु परियोजनासँग सम्बन्धित प्रमुख सरोकारवालालाई एकैसाथ ल्याउने कार्यशालाको उद्देश्य रहेको थियो ।

कार्यशालाले उत्कृष्ट अभ्यासहरूबारे जानकारी दिनुका साथै परियोजनाबाट सिकेका मुख्य सिकाइहरू सहभागीहरु समक्ष साटासाट गरेको थियो ।

साथै कार्यशालाले स्थानीय सरकारलाई मार्गदर्शन र भविष्यमा उपयोगी हुनसक्ने परियोजनाको प्रभावकारिताको बारेमा सामूहिकरूपमा छलफल गरेको थियो ।

२०७२ सालको भूकम्पबाट प्रभावित नेपालका कूल ११ जिल्लामा ७१ वटा शिक्षाको क्षेत्रसँग सम्बन्धित परियोजना, १३२ वटा स्वास्थ्य भवन तथा २८ वटा सांस्कृतिक सम्पदास्थलको पुनर्स्थापना/प्रबलीकरणका लागि भारत सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग मिलेर काम गरिरहेको छ ।

## आर्थिक समाचार

### विद्यालय भवनको शिलान्यास



रुपन्देही । भारत सरकारको आर्थिक सहयोगमा निर्माण हुनलागेको बुटवलस्थित श्रीनहरपुर माध्यमिक विद्यालयको नयाँ भवन शिलान्यास भएको छ । रुपन्देहीस्थित श्रीनहरपुर माध्यमिक विद्यालयको नयाँ भवन निर्माणका लागि काठमाडौंस्थित भारतीय राजदूतावासका विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका प्रमुख करुण वंशल र बुटवलनगरपालिकाका मेयर शिवराज सुवेदीले सोमबार शिलान्यास गरेका छन् । भारत-नेपाल विकास साझेदारी कार्यक्रमअन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा सो नयाँ विद्यालय भवनको निर्माण करिब नेरु ४.४१७ करोडको लागतमा हुनेछ ।

सन् १९७१ मा स्थापना भएको श्रीनहरपुर माध्यमिक विद्यालय यस क्षेत्रको पुरानो विद्यालय हो । निर्माण सम्पन्न भएपछि विद्यालय नयाँ भवनमा सर्नेछ । हाल विद्यालयमा ११२७ जना विद्यार्थीहरु अध्ययनरत छन्, जसमा करिब ५०% छात्रा रहेका छन् ।

सन् २००३ यता भारतले नेपालका सातै वटा प्रदेशमा स्वास्थ्य, खानेपानी, कनेक्टिभिटी, सरसफाईलगायत सार्वजनिक उपयोगिताका क्षेत्रहरुमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत ४५४ वटा परियोजनाको निर्माण सम्पन्न गरिसकेको छ ।

यी परियोजनाहरुमध्ये रुपन्देही जिल्लामा निर्माण सम्पन्न भएका १० गरी लुम्बिनी प्रदेशमा ६० वटा परियोजना रहेकोमा सोही जिल्लाका दुई गरी ९ वटा परियोजना निर्माणका विभिन्न चरणमा रहेका छन् ।

भारत र नेपालबीच बहुआयामिक तथा बहुक्षेत्रीय विकास साझेदारी रहेको छ जसले दुई देशका जनताबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ । यो शिलान्यासले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेका प्रयासमा हातेमालो गर्न भारत सरकार सधैं प्रतिबद्ध रहेको तथ्यलाई प्रतिविम्बित गर्दछ ।

### चन्द्रागिरीलाई भारतमा अवार्ड



काठमाडौं । काठमाडौंको चन्द्रागिरी हिल्समा अवस्थित चन्द्रागिरी हिल्स रिसोर्टलाई यस वर्षको नेपालकै उत्कृष्ट लक्जरी रिसोर्ट पुरस्कार 'अन्तर्राष्ट्रिय हस्पिटालिटी एण्ड ट्राभल अवार्ड २०२१' प्रदान गरिएको छ । भारतको नयाँदिल्लीमा शुक्रबार साँझ आयोजित कार्यक्रमका प्रमुख अतिथि नेपालका संस्कृति, पर्यटन तथानागरिक उड्डयान मन्त्री प्रेम बहादुर आले र भारतका पूर्वमन्त्री एवम् राज्यसभाका सांसद विजय गोयलले उक्त पुरस्कार प्रदान गरेका हुन् । ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक महत्त्व बोकेको चन्द्रागिरी डाँडामा यस कम्पनीले भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क, सेमिनार हल तथा लक्जरी रिसोर्ट लगायतका पूर्वाधार निर्माण गरेर चन्द्रागिरि डाँडालाई एकीकृत पर्यटकीय गन्तव्यको रुपमा विकास गरिरहेको छ ।

# सातामा ५६ उडान गर्न भारतको प्रस्ताव

काठमाडौं । नेपाल-भारतबीच सीधा हवाई सेवा सातामा २८-२८ पुर्‍याउन भारतले नेपाललाई प्रस्ताव गरेको छ । अहिले दुवै देशका राष्ट्रिय ध्वजाबाहकले काठमाडौं-दिल्ली हप्तामा सात-सात उडान गर्दै आइरहेका छन् । कोभिडपछि काठमाडौं-दिल्ली नियमित उडान भए पनि मुम्बई र बैंग्लोरमा उडान सुरु भएको छैन । महामारीपछि भारतसँगको एयर बबल सम्झौताबमोजिम सीमित उडान जारी छ । भारतले एयर बबल सम्झौता संशोधन गरेर उडान संख्या बढाउन पत्र पठाएपछि नेपालले मुम्बई र बैंग्लोरमा पनि उडान सुरु गर्ने तयारी गरेको छ । एयर बबल सम्झौताबमोजिम दुई देशका राष्ट्रिय ध्वजाबाहकले काठमाडौं-दिल्ली सातामा १४ (सात-सात) वटा मात्र उडान गर्न पाउँछन् । नेपालका उड्डयनमन्त्री प्रेमबहादुर आले र भारतका उड्डयनमन्त्री ज्योतिरादित्य सिन्धियाबीच गत साता नयाँदिल्लीमा भएको भेटमा एयर बबल हटाउने छलफल भएको थियो । त्यसपछि भारतले नेपालस्थित आफ्नो दूतावासमार्फत उडान बढाउने विषयमा नेपाल सरकारको आधिकारिक धारणा माग गरेको थियो । भारतले उडान बढाएर सातामा २८-२८ पुर्‍याउने पत्रमा उल्लेख गरे पनि निजी कम्पनीको स्वीकृतिको विषयमा खुलाएको छैन । नेपाल र भारतबीच नोभेम्बरसम्मका लागि एयर बबल सम्झौता भएको हो । डिसेम्बरदेखि कोडिभअघिकै अवस्थामा फर्किने तयारी भइरहेको छ ।

# राजस्थानकी पूर्वमुख्यमन्त्री नेपालमा

काठमाडौं । भारतको राजस्थानकी पूर्वमुख्यमन्त्री बसुन्धरा राजे सिन्धिया पारिवारिक भ्रमणका लागि नेपाल आएकी छन् । उनले काठमाडौंमा पशुपतिनाथको दर्शन गरेकी हुन् । उनले गुहेश्वरीको पनि दर्शन गरेकी छन् ।

# संघीयताको...

अख्तियारको दाबी छ । प्रदेश २ सरकारले २०७६ माघ २० गतेदेखि 'सुरक्षित बेटी' अभियान सञ्चालनमा ल्याएको थियो । अभियानले छोरीहरुलाई सुरक्षित रहन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, महिला हिंसाविरुद्धको ऐन कानुनबारे जानकारी गराउँदै परिवारमा छोरीलाई मजबुत बनाउने वातावरण तयार गर्न आह्वान गर्नेलगायतका उद्देश्य बोकेको थियो । यससँगै छोरीलाई लक्षित गरी बेटी पढाउ, बेटी बचाउ, छोरी शिक्षा बिमाजस्ता अभियान पनि चलाइएको थियो । प्रदेश सरकारले एक करोड रुपैयाँ बजेट छुट्याएर यो अभियान सञ्चालनमा ल्याए पनि महिला हिंसा, बलात्कारलगायत घटनामा कमी भने आउन सकेन । तर, यस्ता कार्यक्रमका नाममा भ्रष्टाचारले भने प्रश्रय पायो । अभियानमा गरिएको खर्च अहिलेसम्म पारदर्शी गरिएको छैन । तत्कालीन मन्त्री ज्ञानेन्द्रकुमार यादव निकटका व्यक्तिहरुलाई योजना वितरण गर्ने काम मात्रै अभियानअन्तर्गत गरिएको थियो ।

**महालेखाको प्रतिवेदन**

आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश २ मा व्यापक अनियमितता भएको महालेखा परीक्षकको ५८ औं प्रतिवेदनमा समेत उल्लेख गरिएको छ । सरकारको मुख्यमन्त्री कार्यालयमा नै व्यापक अनियमितता भएको प्रतिवेदनमा उल्लेख छ ।

मुख्यमन्त्री स्वच्छता अभियानका क्रममा पोखरी तथा नदीहरूको सौन्दर्यीकरण गर्ने कार्यक्रमका लागि परामर्शदाता छनौटदेखि अन्य विभिन्न कार्यक्रममा अनियमितता भएको पाइएको छ ।

स्वच्छता अभियानअन्तर्गत प्रदेशका आठवटा जिल्लामा रहेका ३४ पोखरी सौन्दर्यीकरण र मझौला स्तरका १६ वटा नदी खोलाहरूको विस्तृत आयोजना प्रतिवेदन र गुरुयोजना तयार गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ४ करोड २१ लाख २८ हजार रुपैयाँ परामर्श सेवा शीर्षकबाट खर्च गरेको छ । आठ जिल्लाका विभिन्न ३४ वटा पोखरीको रिनोभेसन तथा ब्युटीफिकेसन कार्यको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यमा ५/५ लाख रुपैयाँको बजेट स्वीकृत गरी मौजुदा सूचीमा रहेका अलगअलग परामर्शदाताबाट काम गराएको देखिएको छ । प्रतिवेदनले १ करोड २७ लाख ४२ हजार रुपैयाँको काम सोझै गराएकाले अनियमतिता देखिाएको जनाएको छ ।

# नेसपा...

नेपाल सद्भावना पार्टी नेपालका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंहको निधन भएपछि मण्डल कार्यवाहक अध्यक्ष भएका थिए । पूर्व राजा ज्ञानेन्द्र शाहले कू गरी बनाएको सरकारमा मण्डल उपप्रधानमन्त्री बनेका थिए । राजालाई साथ दिएको भन्दै पार्टीमा उनको विरोध हुन थालेको थियो । राजविराजमा भएको चौथो महाधिवेशनबाट बद्री मण्डललाई पार्टीबाट हटाउने प्रयास भए पनि सत्तामा रहेको कारण त्यो सम्भव हुन सकेन । अन्ततः पार्टी विभाजन नै भयो । गजेन्द्रनारायण सिंहकी श्रीमतीलाई अध्यक्ष बनाएर नेपाल सद्भावना पार्टी (आनन्दी देवी) गठन गरियो ।

पछि विरोध बढ्न थालेपछि मण्डलले पनि पार्टी अध्यक्षबाट राजीनामा दिएर लक्ष्मण लाल कर्णलाई कार्यवाहक अध्यक्ष बनाएका थिए । कार्यवाहक अध्यक्ष रहेका कर्णले नेपाल सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) बीच एकीकरण गराए । पछि सो पार्टीमा पनि निकै विवाद चलिरह्यो । विवाद सर्वोच्च अदालतसम्म पुग्यो । सर्वोच्च अदालतबाट नेपाल सद्भावना पार्टीको आधिकारिकता सरिता गिरीले पाइन् ।

उनले पछि तत्कालीन संघीय समाजवादी फोरम नेपालसँग एकीकरण गरिन् । उता, अर्को सद्भावना पार्टी राजेन्द्र महतोको नेतृत्वमा थियो । उनले पनि विभिन्न दलसँग एकीकरण गरी राजपा बनाए । यसरी गजेन्द्रनारायण सिंहले जन्माएका नेपाल सद्भावना पार्टी नेपाल विलय हुन पुगेको थियो ।

# अदालत....

छ ।यो समस्या राजनीतिक समस्या नै हो । प्रतिगमनकारीहरु सक्रिय रहेकोले यसको समाधानमा अग्रगमनकारी शक्तिहरूले अब तत्काल पहल लिनु पर्छ । जति विलम्ब हुन्छ,त्यति नै घातक हुन्छ । स्मरण रहोस जनता सबभन्दा सर्वश्रेष्ठ न्यायकर्ता हुन् ।हामी सबै अग्नि परीक्षा छौं ।त्यसैले व्यक्तिहरूको स्वार्थभन्दा देशको हितमा के हुन्छ त्यही गर्नु सबभन्दा न्यायसंगत हुन्छ ।

अतः स्वतन्त्र, निष्पक्ष, सक्षम र सुशासन सहितको न्यायपालिकाको विषय नेपाल बार एशोसिएशन र न्यायपालिकाको आन्तरिक झगडा नठानेर वर्तमान उपलब्धिको रक्षार्थ सबै अग्रगमनकारी शक्तिलाई एकजुट भएर समस्या हल गर्नको लागि अगाडि आउन सबैमा हार्दिक अनुरोध गर्दछु ।


## राष्ट्रिय जनगणना २०७८

## मेरो गणना – मेरो सहभागिता

**आगामी कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म जनगणना गर्न सबैको घरमा गणकहरु आउँदै हुनुहुन्छ । जनगणनाको पहिलो चरणको सुचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरुलाई आ-आफ्नो विवरण लेखाऔं ।**

**जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्यांकन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चानलन गर्न मद्दत पुग्दछ ।**

**गणना गर्ने अवधि: कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म**

नेपाल सरकार

विज्ञापन बोर्ड







## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं